विद्यमान व्यवस्थाको सही व्यवस्थापनमा दल चुके : शान्ति विक पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक २२० • २०८० साल पुस २२ गते आइतबार (7 January, Sunday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## नयाँ नयाँ शैलीमा गाँजाको तस्करी

**टुडे समाचारदाता**

राजविराज। सप्तरी प्रहरीले बालुवा बोक्ने टिपरबाट ठूलो परिमाणमा प्रतिबन्धित लागू औषध गाँजा बरामद गरेको छ। पूर्वपश्चिम राजमार्ग अन्तर्गत खडक नगरपालिका-७ कल्याणपुरस्थित गोप्य सूचनाको आधारमा प्रहरीले वालुवा बोक्ने टिपरलाई चेकजाँच गर्दा १ हजार ६ किलो गाँजा बरामद गरेको छ।

वालुवा गिट्टी बोक्ने को.१ ख. ५८३१ नम्बरको आइचर टिपर गाडीलाई रोकेर चेकजाँच गर्दा बालुवा भित्र २८ वटा बोरामा लुकाइ राखिएको अवस्थामा १ हजार ६ किलो गाँजा बरामद भएको सप्तरीका प्रहरी उपरीक्षक गजुसिद्धि बज्राचार्यले जानकारी दिए।

> गत आर्थिक वर्षमा मधेश प्रहरीले २ हजार ८ सय ४ किलो, १९ हजार ३ सय ३५ ग्राम ८ सय १० मिलिग्राम गाँजा बरामद गरेको थियो । यसमा संलग्न १ हजार ३२ जना पक्राउ परेका थिए भने ७ सय ४७ वटा मुद्दा दर्ता भएको थियो ।

यस अघि प्रदेश प्रहरीले एम्बुलेन्स, पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्रयंकरबाट पनि भारी मात्रमा तस्करीका गाँजा बरामद गरेका थिए।

मधेश प्रदेश प्रहरीका अनुसार चालु आर्थिक वर्षको मंसिर सम्ममा प्रदेशका ८ वटै जिल्लाका विभिन्न स्थानबाट गाँजा २ हजार ६ सय ४१ किलो, ब्राउन सुगर ५ सय ४३ ग्राम, चरेस ४७ किलो ८ सय ग्राम, हिरोईन ८९ ग्राम र लागू औषधामा प्रयोग गरिने ट्याबलेट १७ हजार २ सय ३९ बरामद भएको छ। गाँजा तस्करीसहितका लागू औषध कारोबारमा ४ सय ३७ जना पक्राउ परेको र ३ सय ८ वटा मुद्दा दर्ता भएको मधेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

गत आर्थिक वर्षमा मधेश प्रहरीले २ हजार ८ सय ४ किलो, १९ हजार ३ सय ३५ ग्राम ८ सय १० मिलिग्राम गाँजा बरामद गरेको थियो। यसमा संलग्न १ हजार ३२ जना पक्राउ परेका थिए भने ७ सय ४७ वटा मुद्दा दर्ता भएको थियो।

## सत्ता गठबन्धनको बैठक निष्कर्षविहीन

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभा निर्वाचनको लागि सत्तागठबन्धन दलबीच सिट बाँडफाँटको विषय नमिल्दा बैठक निष्कर्षविहीन भएको छ।

राष्ट्रिय सभामा रिक्त हुने १९ सिटको बाँडफाँट गर्न शनिबार प्रधानमन्त्री निवासमा बसेको सत्ता गठबन्धनको बैठक बिना निष्कर्ष सकिएको छ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीको बैठकमा दलहरुले बढी सिटमा दाबी गरेपछि कुरा नमिलेको जनाइएको छ।

जनमत पार्टीका अध्यक्ष सिके राउतले प्रमुख दलले बढी सिट दाबी गरेपछि बैठक निष्कर्षमा पुग्न नसकेको बताए।

उनले कांग्रेस, माओवादी र एकीकृत समाजवादी र जसपाले बढी सिटमा दावी गरेपछि बैठक निष्कर्षविहीन सकिएको बताए।

उनले भने, 'कांग्रेस, माओवादी, एकीकृत समाजवादी, जसपाबीच मुख्यगरी कुरा मिलेन । कांग्रेस, माओवादी, एकीकृत समाजवादी, जसपाले बढी सिटमा दावी गर्दा कुरा नमिलेको हो ।' जनमतले पनि एक सिटमा दाबी गरेको उनले बताए।

## बरहथवामा निषेधाज्ञाको अवधि थपियो

**टुडे समाचारदाता**

मलंगवा । शुक्रबार अपराह्नदेखि अशान्त रहेको सर्लाहीको बरहथवामा शनिवार पनि निषेधाज्ञा (कर्फ्यू) आदेश जारी भएको छ। विरोधप्रदर्शनका क्रममा शुक्रबार ज्यान गुमाएका युवकको शव घटनास्थलबाट उठाउन आन्दोलनकारी दिएका छैनन्।

बरहथवाको प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नतिको माग गर्दै भएको विरोधप्रदर्शनमा बरहथवा नगरपालिका-६ का ३० वर्षीय जयशङ्कर साहको मृत्यु भएको थियो। दोषीलाई कानुनी दायरामा ल्याउनु पर्ने, मृतकका नाममा ५० शय्याको प्रादेशिक अस्पताल बरहथवामा बनाउनुपर्ने, मृतकलाई शहीद घोषणा गर्नुपर्ने माग राखेर आन्दोलित पक्षले शव घटनास्थलबाट उठाउन दिएका छैनन्।

सर्लाहीका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले साहको मृत्युको कारण आफूलाई थाहा नभएको तथा आफूले सुरक्षाकर्मीलाई गोली प्रहार गर्ने आदेश नदिएको बताउँदै आएका छन् । आन्दोलित पक्षले शवलाई घेरा हालेर बसेका कारण उठाउन नसकिएको उनले बताए । घटना सम्बन्धमा छानबिन गर्न तथा शव उठाउने विषयमा सबै पक्षसँग संवाद जारी रहेको पनि उनले बताए।

उक्त घटनालाई लिएर सदरमुकाम मलंगवा र कविलास नगरपालिकाको सलेमपुरमा पनि शनिवार बिहानैदेखि टायर बालेर विरोधप्रदर्शन भइरहेका छ।

शुक्रवार आन्दोलनकारी र प्रहरीबीच झडप हुँदा दुवैतर्फ केही घाइते भएका थिए । झडपपछि स्थानीय प्रशासनले बरहथवा बजार क्षेत्रमा निषेधाज्ञा जारी गरेको थियो । शुक्रवार बेलुका साढे देखि शनिबार बिहान ८ बजेसम्म निषेधाज्ञा जारी गरेको थियो। बरहथवा क्षेत्रको अवस्था सामान्य नभएपछि स्थानीय प्रशासनले शनिवार पनि बिहान ८ देखि आइतबार बिहान ८ बजेसम्म निषेधाज्ञाको अवधि थप गरेको छ।

बरहथवामा अहिले भारी मात्रामा सुरक्षाकर्मी परिचालन गरिएको छ। प्रदर्शनकारीले बरहथवा नगरपालिका प्रमुख कल्पनाकुमारी कटुवालको निवास तथा नगरपालिकामा ढुङ्गामुढा गरेपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हावामा गोली हान्नाका साथै र अश्रुग्यास प्रहार गरेको थियो । नगरप्रमुख कटुवालको निवासअगाडि पार्किङगरीराखिएको एउटा भारतीय नम्बरको कार र एउटा मोटरसाइकलमा आन्दोलनकारीले आगजनी गरेको थिए।

## मृतकका परिवारलाई १० लाख राहत

**टुडे समाचारदाता**

काठमाण्डु । गृह मन्त्रालयले सर्लाहीको बरहथवामा शुक्रबार प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर मृत्यु भएका जयशंकर साहको परिवारलाई १० लाख रुपैयाँ राहत दिने भएको छ। मन्त्रालयले सो घटनाका विषयमा छानबिन गर्न ३ सदस्यीय समितिसमेत गठन गरेको छ।

मन्त्रालयले शनिबार सहसचिव थानेश्वर गौतमको संयोजकत्वमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक सुरेन्द्र मैनाली र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक भीमबहादुर बुढाथोकी रहेको छानबिन समिति गठन गरेको छ।

मन्त्रालयका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले विज्ञप्ति जारी गर्दै बरहथवा घटना सम्बन्धमा सत्य-तथ्य छानबिन गरी ७ दिनभित्र प्रतिवेदन पेस गर्ने गरी समिति गठन गरेको जानकारी दिए।

'उक्त घटनाका सम्बन्धमा सत्य तथ्य छानबिन गरी ७ (सात) दिनभित्र प्रतिवेदन पेस गर्न गृह मन्त्रालयको मिति २०८०/०९/२१ गतेको निर्णयानुसार गृह मन्त्रालयका सहसचिव थानेश्वर गौतमको संयोजकत्वमा नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक सुरेन्द्र मैनाली र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक भीम बहादुर बुढाथोकी रहेको तीन सदस्यीय छानविन समिति गठन गरिएको छ,' विज्ञप्तिमा उल्लेख छ।

यस्तै नेपाल सरकारको तर्फबाट मृतकको परिवारलाई राहत स्वरुप १० लाख रुपैयाँ उपलब्ध गराउने र छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्ने गरी प्रधानमन्त्री पुष्पकमल दाहालबाट निर्देशन भएको पनि विज्ञप्तिमार्फत जनाएका छन्।

अस्पताल स्तरोन्नति गर्ने/नगर्ने विषयमा शुक्रबार छलफलमा विवाद उग्र बनेपछि प्रहरीले स्थिति नियन्त्रणमा लिन चलाएको गोली लागेर साहको मृत्यु भएको थियो । उक्त स्थानमा जिल्ला प्रशासन कार्यालय सर्लाहीले शुक्रबार रातिदेखि शनिबार बिहानसम्म कर्फ्यु आदेश जारी गरिएको थियो। अहिले त्यस क्षेत्रमा निषेधाज्ञा जारी छ।






# प्रभु बचत तथा ऋण सहकारीले कारोबार बढाउँदै

**टुडे समाचारदाता**

राजविराज । यहाँस्थित प्रभु बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आफ्नो १२औं साधारण सभा सम्पन्न गरेको छ ।

शनिबार स्थानीय उद्योग बाणिज्य संघ सप्तरीको सभाकक्षमा १२औं साधारणसभा तथा १३औं वर्षमा प्रवेश गरेको अवसरमा आयोजित कार्यक्रममा अध्यक्ष सरफराज अन्सारीले अध्यक्षीय प्रतिवेदन प्रस्तुत गर्दै बचतकर्ताको विश्वास र कर्मचारीको इमान्दारीता र महिनेतले संस्था अघि बढेको बताए ।

उनले हाल संस्थाको शेयर पूँजी ८३ लाख भन्दा बढी पुगेको जनाए । २०६८ साल साउन १६ गते २५ जना शेयर सदस्यबाट जनही ५/५ हजार संकलन गरि राजविराज ४ मा सुरु भएको संस्थामा अहिले ६ हजार शेयर सदस्य पुगेको बताउँदै उनले ग्राहकको विश्वास तथा सहकारी विश्वास, नियमकारी निकायको नीति, निर्देशन तथा राष्ट्रिय सहकारी बैंक र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघको मापदण्ड पूरा गर्दा यस्तो सफलता मिलेको जनाए ।




संस्थाले २०७९/८० मा करिब १७ करोडको कारोबार गरि १२ लाख रुँपैया खुदनाफा आर्जन गर्न सफल भएको संस्थाका ब्यवस्थापक राजकुमार साहले जानकारी दिए ।

गरिबी निवारण र समाज उत्थानको मूल उद्देश्य बोकेको संस्थाले विगत १२ वर्षको अवधीमा बचत तथा ऋणका साथै शिक्षा, स्वास्थ्य, रोजगार लगायतको क्षेत्रमा समेत विशेष कार्यक्रमहरु संचालन गर्दै आएको लेखा समितिका संयोजक मो. समि असगरले बताए ।

साधारण सभामा प्रमुख अतिथि राष्ट्रिय सहकारी बैंकका संचालक सदस्य तथा मधेश प्रदेश संयोजक विश्वनाथ मण्डल, बचत तथा ऋण सहकारी संघ सप्तरीका पूर्व अध्यक्ष तोयाप्रसाद पोखरेल, राष्ट्रिय सहकारी बैंक शाखा राजविराजका प्रमुख बिरबल कुमार राजवंशी लगायतले संस्थाको उत्तरोत्तर प्रगतिको कामनासहित सहकार्यमार्फत सहकारीको विकास गर्नुपर्ने सुझाव दिएका थिए ।

# जसपासँग ९५ लाख ६९ हजार नगद मौज्दात

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टीसँग नगद मौज्दात ९५ लाख ६९ हजार २९९ रुपैयाँ रहेको छ । लेखा परीक्षणको प्रतिवेदन अनुसार राष्ट्रिय वाणिज्य बैंकमा ८० लाख ८८ हजार ७७३ रुपैयाँ र कृषि विकास बैंकमा १४ लाख ८० हजार ५२६ रुपैयाँ मौज्दात रहेको छ ।

बैंक मौज्दातसहित अन्य शीर्षकबाट आउने रकमसहित जसपासँग एक करोड ३२ लाख सात हजार ९०४ रुपैयाँ मौज्दात रहेको देखिन्छ । जसपाले चालु आर्थिक वर्षमा सदस्यता शुल्क तथा लेबीबाट ४१ लाख ९९ हजार २ सय रुपैयाँ पार्टीको कोषमा जम्मा गरेको छ । सो रकम गत वर्ष ४२ लाख ६ हजार रुपैयाँ थियो ।

गत वर्षभन्दा ७ हजार १७५ रुपैयाँ कम भएको छ । जसपाले सदस्य शुल्कबाट मात्र ६५ हजार पाँच सय जम्मा गरेको छ भने मासिक लेबीबाट १३ लाख ३७ हजार ५ सय र कार्यगत लेबीबाट १९ लाख ९५ हजार र प्रवेशलगायत अन्य शुल्कबाट आठ लाख १२ सय रुपैयाँ जम्मा गरेको छ ।

त्यस्तै, चन्दा र सहयोगबाट १७ लाख २७ हजार रुपैयाँ पनि जसपालाई प्राप्त भएको छ । एक लाख ८० हजार रुपैयाँ सटर भाडाबाट आएको छ भने एक लाख ७ सय२४ रुपैयाँ बैकबाट ब्याज प्राप्त भएको जसपाले जनाएको छ । गत वर्ष प्रवास विशेष समितिले तीन लाख ४६ हजार रुपैयाँ अनुदान दिएको थियो ।

अधिवेशन तथा विभिन्न सम्मेलनको नामबाट जसपाले २९ लाख २९ हजार रुपैयाँ खर्च गरेको देखाएको छ । तर २०७९ मा भएको चुनावको खर्च भने देखाएको छैन । निर्वाचन आयोगमा राखेको दुई लाख २५ हजार धरौटी मात्र देखिएको छ ।

पार्टीहरूको सबभन्दा बढी खर्च हुने समय नै चुनाव हो । त्यहाँ प्रचार र प्रकाशन खर्च पनि देखाइएको छैन । जबकि चुनावमा जसपाले एउटा म्यागेजिन प्रकाशन गर्नुको साथै अन्य पुस्तकहरू प्रकाशन गरेको थियो ।

खर्चमा ८१ लाख ८९ हजारमा गाडी किनेको पनि देखाइएको छ । जसपाले सात लाख ३१ हजार ऋण रहेको पनि देखाएको छ । जसपाले कार्यालय खर्च वार्षिक ४७ लाख ३३ हजार रुपैयाँ देखाएको छ जसमध्ये कर्मचारी खर्चमा पाँच लाख २८ हजार रुपैयाँ देखाएको छ ।

# शीतलहर छल्न ज्याकेट पाएपछि विद्यार्थी खुसी

**टुडे समाचारदाता**

सिरहा । सामुदायिक विद्यालयका विद्यार्थी ज्याकेट पाएपछि खुसी भएका छन् । लहान नगरपालिकाका केही विद्यालयका विद्यार्थीहरूलाई शीतलहर छल्न र नियमित विद्यालय आउने उद्देश्यले ज्याकेट वितरण गरिएको छ ।



सोबर एक्सन नेपाल सय समूहद्वारा लहान नगरपालिका वडा नम्बर २० मा पर्ने श्री जनता माध्यमिक विद्यालय हनुमाननगर गोडछाडी, श्री जनता माध्यमिक विद्यालय सोनमति गढा र श्री जनता आधारभूत विद्यालय लहान-२३ बथनाहाका एक हजारभन्दा बढी छात्रछात्रालाई संस्थाका सदस्य बब्लु गुप्ताको अगुवाइमा वितरण गरिएको छ ।

जनता आधारभूत विद्यालय लहान-२३ बथनाहाका कक्षा -५ मा पढने रोशन सहनीले न्यानो लुगा नहुँदा दुई विद्यालयमा हुन नसकेको दुखेसो सुनाए । उनले भने, ''अब ज्याकेट पाएपछि विद्यालय नियमित आउने छु ।'' रोशन जस्तै ज्याकेट पाएका सबै विद्यार्थीले यस्तै खुसी व्यक्त गरे ।

सिसिआर सामाजिक दायित्व निर्वाह गर्नका लागि चीन र हङकङगका व्यापारीहरूले नेपाललाई उपलब्ध गराएको ज्याकेट देशैभरीका सबै जिल्लामा वितरण गरिएको गुप्ताले बताए ।

शीतलहरको बेला विद्यार्थी घट्ने गरेको अनुभव सुनाउँदै श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक अरविन कुमार दासले यस वर्ष विद्यालयका हरेक विद्यार्थीहरूलाई ज्याकेट उपलब्ध गराइ दिएपछि यसले ठूलो राहत भएको बताए ।

सामुदायिक विद्यालयमा पढ्ने अधिकांश विद्यार्थी न्यानो लुगाको अभावमा विद्यालयमा नियमित नआउने समस्या थियो । तर, अब ज्याकेट पाएपछि विद्यार्थीहरू मात्रै होइन, अभिभावक र शिक्षकहरू समेत खुसी भएको जनता आधारभूत विद्यालयका प्रधानाध्यापक विन्देश्वर यादवले बताए ।

# मधेश सहित देशभर चिसो बढ्यो

**टुडे समाचारदाता**

जनकपुरधाम । पछिल्ला दिनमा तापक्रम निरन्तर घट्दा मधेश सहित देशभर चिसो बढिरहेको छ । जनकपुरधाम सहित देशभर चिसो ह्वात्तै बढेकाले यसबाट बच्न आवश्यक उपाय तथा सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।

महाशाखाका मौसमविद् सञ्जीव अधिकारीका अनुसार काठमाण्डुको न्यूनतम तापक्रम चार दशमलव पाँच डिग्रीसेल्सियस तथा अधिकतम तापक्रम १७ डिग्रीसेल्सियस रहेको छ । शुक्रबार काठमाण्डुको न्यूनतम तापक्रम तीन डिग्रीसेल्सियस थियो । काठमाण्डुमा बिहानीपख हुस्सु लागे पनि दिउँसो पारिलो घाम लाग्ने गरेको छ ।

"तापक्रम हल्का घटिरहेको छ । यही तरिकाले तापक्रम ओरालो लाग्ने हो भने माइनसमा जानसक्छ", मौसमविद् अधिकारीले भने ।

आइतबार बिहान न्यूनतम तापक्रम दुईदेखि चार डिग्रीसेल्सियस हुने पूर्वानुमान गरिएको छ । शनिवार बिहान काठमाण्डुको भिजिबिलिटी चार किलोमिटर रहेको छ । कोशी र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली क्षेत्रमा हल्का हिमपात भए पनि आगामी तीन दिनसम्म उल्लेखनीय मौसम प्रणाली नरहने मौसमविद् अधिकारीले जानकारी दिए ।

जुम्लामा सबैभन्दा धेरै तापक्रम घरेर माइनस पाँच दशमलव सात डिग्रीसेल्सियस रहेको छ । शुक्रबार जुम्लाको न्यूनतम तापक्रम माइनस ६ डिग्रीसेल्सियस थियो । महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ । कोशी, मधेश प्रदेशलगायत देशका पहाडी भू-भागमा आंशिक बदली रही बाँकी भू-भागमा मौसम सामान्यतया सफा रहेको छ । मधेशका थोरै स्थानमा हुस्सु/कुहिरो लागेको छ ।

# सत्तारूढ दलबीच नै सिट बाँडफाँट हुने

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभा सदस्य निर्वाचनमा कुन दललाई कति स्थान दिने निष्कर्ष शनिबार साँझ हुने सत्तारूढ दलको बैठकले निकाल्ने भएको छ ।



प्रधानमन्त्री निवास बालुवाटारमा शनिबार भएको सत्ता साझेदार चार दलका शीर्ष नेताबीच छलफल भएको र शनिबारै साँझ बस्ने अर्को बैठकले निष्कर्ष निकाल्ने सहमति भएको नेपाली कांग्रेसका नेता रमेश लेखकले जानकारी दिनुभयो । पहिलो चरणमा ४ बजे प्रमुख चार राजनीतिक दल र ५ बजे गठबन्धनमा आबद्ध सबै दलको बैठक बोलाइएको नेता लेखकले जानकारी दिए ।

साँझको बैठकमा सत्ता साझेदार सबै दललाई आमन्त्रण गरिएको छ । यसबीचमा प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) सँग पनि मिलेर जाने विषयमा छलफल भएको उनले बताए । एमालेले राष्ट्रियसभामा रिक्त सबै स्थानमा उम्मेदवारी दिने घोषणा गरेको छ । एमालेको घोषणापछि गठबन्धनमा सहभागी दलका बीचमा नै सिट बाँडफाँट गरेर जाने सहमति भएको नेता लेखकले बताए ।

"बृहद् लोकतान्त्रिक धारणाका साथ राष्ट्रियसभामा सत्ता र प्रतिपक्षबीच मिलेर जान सकिन्छ कि भनेर छलफल गरे पनि तत्काल सम्भव हुन सकेन", नेता लेखकले भने ।

बैठकमा प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाललगायत शीर्ष नेताको सहभागिता थियो । राष्ट्रियसभामा १९ स्थानका लागि आगामी माघ ११ गते निर्वाचन हुँदैछ ।

# भूकम्प पिडीतको दश हजार अस्थायी आवस निर्माण

**टुडे समाचारदाता**

काठमाण्डु । गत कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रविन्दु बनाएर गएको भूकम्पले क्षति पुर्याएको रुकुम पश्चिममा अस्थायी आवास निर्माणको काम जारी छ । भूकम्प गएको दुई महिनाभन्दा बढी सयम बितिसक्दा पनि सबै भूकम्पपीडित अस्थायी आवासमा सर्न सकेका छैनन् ।

अझै पनि भूकम्पपीडित त्रिपालको सहाराले रात काटिरहेका छन् । दुई महिनाको अवधिमा जिल्लाभर दश हजार चार सय २३ अस्थायी आवास निर्माण सम्पन्न भए पनि सबै पीडितको अस्थायी आवास निर्माण हुन नसकेको निमित्त प्रमुख जिल्ला अधिकारी प्रवेश बढुवाले जानकारी दिए । उनका अनुसार जिल्लाभर सात हजार ८७ अस्थायी आवास निर्माणको चरणमा रहेका छन् । हालसम्म सबैभन्दा बढी सानीभेरी गाउँपालिकामा चार हजार ४१ अस्थायी आवास निर्माण सम्पन्न हुँदा सबैभन्दा कम मुसिकोट नगरपालिकामा २४ मात्र निर्माण भएका छन् ।

त्यस्तै आठबीसकोट नगरपालिकामा तीन हजार १४, चौरजहारी नगरपालिकामा दुई हजार दुई सय ८९, त्रिवेणी गाउँपालिकामा नौ सय ३८ र बाँफीकोट गाउँपालिकामा एक सय १७ अस्थायी आवास निर्माणको काम सम्पन्न भई लाभग्राही अस्थायी आवासमा बस्न थालेको निमित्त प्रजिअ बढुवाले जानकारी दिए ।

हालसम्म जिल्ला विपद् व्यवस्थापन कोषबाट २३ हजार छ सय आठ लाभग्राहीका लागि स्थानीय विपद् न्यूनीकरण कोषमा रु २५ हजारका दरले रु ५९ करोड दुई लाख रकम पठाइएको छ ।

# पुसको अन्तिमदेखि खिचरा महोत्सव

**टुडे समाचारदाता**

चितवन । थारू संस्कृति जोगाउनका लागि यही पुस २८ गतेदेखि खिचरा महोत्सव आयोजना गर्न लागिएको छ । पूर्वी चितवनको खैरहनीमा नवौं खिचरा महोत्सवको तयारीलाई तीव्र पारिएको हो ।

थारू कल्याणकारिणी सभा क्षेत्र नं ७ को आयोजनामा खैरहनी नगरपालिका-५ गौचरनमा आगामी माघ १० गतेसम्म महोत्सव सञ्चालन हुनेछ । आयोजकले शनिबार पत्रकार सम्मेलनको आयोजना गरी महोत्सवको उद्देश्य र तयारीका बारेमा जानकारी गराएको हो ।



माघी पर्वका अवसर पारेर थारू समुदायको सांस्कृतिक, वेशभूषा, भाषा-साहित्य, कला-संस्कृति एवं थारू खानाका परिकारको संरक्षण तथा प्रवर्द्धधन गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो । विगत नौ वर्षदेखि प्रत्येक वर्ष माघ १ गते पर्ने खिचरा पर्वको पावन अवसरमा खिचरा महोत्सव हुँदै आएको छ । महोत्सव मूल समारोह समितिका संयोजक रामेश्वर चौधरीका अनुसार महोत्सव सम्पन्न गर्न दुई सय एक सदस्यीय मूल आयोजक समिति र १५ विभिन्न उपसमिति गठन गरिएको छ । 'राष्ट्रिय एकता र विविधता हाम्रो शान, बहुजाति, भाषा, संस्कृति नेपालको पहिचान' भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको महोत्सवमा एक सय ५० कक्ष रहनेछन् ।

महोत्सवलाई चितवनबासी थारू समुदायले मात्र नभई सम्पूर्ण जातजातिले गर्वका रुपमा लिने गरेको चौधरीले बताए । महोत्सवमा उद्योग, व्यापार, कृषि तथा पर्यटनको प्रवर्द्धन, स्थानीय कला संस्कृतिको प्रवर्द्धन, स्थानीय स्तरमा उत्पादित वस्तुको प्रवर्द्धन एवं शैक्षिक, वित्तीय संस्था र विभिन्न सङ्घसंस्थाका कक्ष रहनेछन् । महोत्सवमा प्रतियोगितात्मक कृषि उपज प्रदर्शनी, बाल उद्यान समावेश गरिने उनले बताए । महोत्सवमा एक लाख बढी दर्शकले अवलोकन गर्ने अपेक्षा लिइएको छ ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | वाद विवादबाट बच्नु । |
| बृष | पुरस्कार प्राप्त लाभ । |
| मिथून | नयाँ कार्य हुने । |
| कर्कट | बौद्धिक क्षमता । |
| सिंह | प्रतिभा सम्पन्नता । |
| कन्या | शिक्षामा उन्नति । |
| तुला | पारिवाहिक सुख । |
| वृश्चिक | धन वृद्धि सञ्चय । |
| धनु | प्रेम प्रसंग, मित्र सुख । |
| मकर | सुख समृद्धि हुने । |
| कुम्भ | भ्रमण अवसर हुने । |
| मीन | अवसर प्राप्त । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |


झापाको कमल गाउँपालिका-५ स्थित चाँजु-टुक्रे बस्तीमा शनिबार विहान जङ्गली हात्तीले पुर्याएको क्षति । हात्तीले स्थानीय चार जनाको कच्ची घरमा क्षति पुर्याएको छ। *तस्बिरः रासस*

# प्रतिष्ठानलाई नाथमा गाभ्ने निर्णयप्रति असन्तुष्टि

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानका पूर्वअध्यक्षहरूले प्रतिष्ठानलाई नेपाल पर्यटन होटल व्यवस्थापन प्रतिष्ठान (नाथम)मा गाभ्ने निर्णयप्रति असन्तुष्टि व्यक्त गरेका छन् । प्रतिष्ठानका पूर्वअध्यक्षहरूले शनिबार पत्रकार सम्मेलन गरी दुई संस्था फरक उद्देश्यले स्थापना भएकाले एकअर्कामा गाभ्नु उचित नहुने धारणा राखे।

दुई प्रतिष्ठान गाभिँदा पर्वतारोहण तथा साहसिक पर्यटन क्षेत्रका समुदाय, सरोकारवाला, अध्ययनरत विद्यार्थीलगायतमा नकरात्मक प्रभाव पर्ने उनीहरूको बुझाइ छ । हिमाल आरोहण, पर्वतारोहण तालिम तथा सो क्षेत्रको अनुसन्धानसहितको पर्वातारोहणसम्बन्धी शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएका प्रतिष्ठान एकापसमा गाभिँदा संस्थाको लक्ष्य तथा उद्देश्यमा असर पुग्ने उनीहरूको दाबी छ।

प्रतिष्ठानका पूर्वअध्यक्ष एवं कार्यकारी निर्देशक लाक्पाफुटी शेर्पाले पर्वतारोहणसम्बन्धी शिक्षा सञ्चालनमा प्रतिष्ठानले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गर्दै दुई प्रतिष्ठान गाभिँदा पर्वतारोहण क्षेत्रको विकास तथा संरक्षणमा असर पुग्ने धारणा राखे।

प्रतिष्ठानका पूर्वअध्यक्ष प्रेमकुमार श्रेष्ठले नेपालका हिमाल बचाउन प्रतिष्ठानको महत्त्वपूर्ण भूमिका रहेको बताउँदै दुई प्रतिष्ठानको भूमिका भिन्न-भिन्न रहेकाले गाभिनु पर्वतारोहणको विकास अनुकूल नहुने दाबी गरे।

उनीहरूले दुई प्रतिष्ठान गाभ्ने निर्णयप्रति असन्तुष्टि व्यक्त गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पटक-पटक कुरा राखे पनि सो प्रक्रिया अघि बढाइएकामा दुखेसो व्यक्त गरे । उनीहरूले उक्त निर्णय कार्यान्वयन भए करिब तीन सय विद्यार्थीको भविष्य अन्योलमा पर्ने दाबी गरेका छन्। उनीहरूले प्रतिष्ठानलाई पर्वतीय क्षेत्रको अध्ययन प्रयोगशालाका रूपमा विकास गर्दै स्वायत्त संस्थाका रूपमा विकास गर्नुपर्ने भन्दै यसका लागि सम्बद्ध सबै सरकारवाला पक्षलाई अपिल गरे।

प्रतिष्ठानमा अध्ययन गरेका स्नातक तहका ३३ जना विद्यार्थीले छ हजार चार सय ७० मिटरको मेरापिक, स्नातकोत्तर तहका १६ विद्यार्थीले छ हजार एक सय २६ मिटरको चुलुपिक, १५ विद्यार्थीले छ हजार एक सय १९ मिटरको लबुचेपिकको अध्ययन तथा अनुसन्धानसहित सफलतापूर्वक आरोहण गरिसकेका छन्।

साथै स्नातक तहका नौ जना विद्यार्थीले सात हजार एक सय मिटरको हिमलुङ हिमाल र स्नातक तहका २८ विद्यार्थीले छ हजार एक सय ४४ मिटरको थोरङ हिमालको अध्ययन अनुसन्धानसहित आरोहण गरिसकेको प्रतिष्ठानले जनाएको छ।

# हात्ती आक्रमणबाट १२ जनाको मृत्यु

**टुडे समाचारदाता**

झापा। जिल्लामा डेढ वर्षको अवधिमा हात्ती आक्रमणबाट १२ जनाको ज्यान गएको छ भने १३ जना घाइते भएका छन्।

घरमा सुतिरहेको अवस्थामा, बिहानको हिँडाइका क्रममा र जङ्गलमा घाँस दाउरा काट्ने क्रममा हात्ती आक्रमणबाट उनीहरुको ज्यान गएको हो । डिभिजन वन कार्यालयका अधिकृत ऋषि पराजुलीका अनुसार विसं २०८० को वैशाखदेखि हालसम्म एक गैरनेपालीसहित छजनाको हात्ती आक्रमणमा ज्यान गएको छभने छजना घाइते भएका थिए। यसैगरी, विसं २०७९ मा सातजनाको मृत्यु र आठजना घाइते भएको उहाँले जानकारी दिए।

सोही अवधिमा छ हात्ती मरेको तथ्याङ्क वन कार्यालयमा रहेको छ। गत वर्ष तीन र चालु आर्थिक वर्षमा तीन गरी छ हात्ती मरेका हुन् । डिभिजन वन कार्यालयको तथ्याङ्कअनुसार २०६८ देखि २०८० पुस २० सम्ममा झापामा ५८ जनाको मृत्यु भइसकेको छ। त्यसमा सात गैरनेपाली पनि छन्। एक दशकमा ७५ जना हात्तीको आक्रमणमा घाइते भएको वन कार्यालयले जनाएको छ।

जिल्लामा चार दशकदेखि मानव र हात्तीबीचको द्वन्द्व निरन्तर छ । चार दशकदेखि गुज्रिरहेको जङ्गली हात्ती र मानवबीच द्वन्द्वको कहिल्यै नसिद्धिने यो सिलसिलाबाट अहिले पनि झापा, मोरङ र सुनसरी आक्रान्त छन्। यो अवधिमा कति मानिसको ज्यान गयो भन्ने पूर्ण तथ्याङ्क उपलब्ध छैन।

मेचीपारी भारतमा महानन्द वन्यजन्तु निकुञ्ज छ । पश्चिम बङ्गालको वन्यजन्तु संरक्षण गरिने उक्त जङ्गलमा आसामदेखि आउने हात्तीले बासस्थान बनाउने गरेका छन्। त्यहाँ दिनभर आराम गर्ने हात्तीको बथान साँझ परेपछि आहारको खोजीमा सीमा तरेर बाहुनडाँगी हुँदै नेपाल प्रवेश गर्ने गरेका छन्।

खेतबारीमा लगाएका अन्न र फलफूल खाएर विनाश गर्ने हात्तीले मानिसलाई पछिल्लो समयमा अधिक आक्रमणको निशाना बनाउँदा अकालमा धेरैले ज्यान गुमाउनुपरेको हात्ती संरक्षण अभियानकर्मी शङ्कर लुइँटेल बताउछन्। सीमामै हात्ती छेक्न गरिएको अन्तिम उपाय विद्युतीय तारबारले काम गर्न छाडेपछि पछिल्लो समय हुल बाँधेर हात्ती नेपाल प्रवेश गर्न थालेका छन्।

गत कात्तिक १९ गते बाहुनडाँगीको गौडाबाट नेपाल प्रवेश गरेका ३६ हात्तीले हाल मोरङ र सुनसरीमा बितण्डा मच्चाइरहेका छन्। एक दशकयता नेपालकै जङ्गलमा बस्दै आएका रैथाने हात्तीले मानिसको ज्यान लिने गरेको बुद्धशान्ति गाउँपालिका वडा नं ३ का सीताराम वाँस्तोलाले बताए । एक्लै र हुलमा हिँड्ने रैथाने हात्ती मानव बस्तीको भित्री भागसम्म पुग्ने गरेका छन्।

सरकारले वन्यजन्तुबाट मानवीय तथा भौतिक क्षति भएमा राहत तथा क्षतिपूर्ति रकम दिने कानुनी व्यवस्था गरेको छ । अधिकांश पीडितले बेलैमा सो रकम नपाएको गुनासो छ । वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका २०७५ मा हात्तीको आक्रमणमा मृत्यु भएको परिवारले रु १० लाख राहत दिने व्यवस्था छ।

सख्त घाइतेको उपचार सम्पूर्ण व्यहोर्ने र सामान्य घाइतेलाई उपचार खर्चबापत रु २० हजारसम्म दिने कानुनी व्यवस्था छ । घरगोठ भत्काएको, भण्डारण गरेको अन्नबाली खाएमा र खाद्यबालीमा क्षति पुर्याएको अवस्थामा रु १० हजारसम्म क्षतिपूर्ति दिने सरकारी व्यवस्था रहेको डिभिजन वन कार्यालयका अधिकृत पराजुलीले बताए।

> मेचीपारी भारतमा महानन्द वन्यजन्तु निकुञ्ज छ । पश्चिम बङ्गालको वन्यजन्तु संरक्षण गरिने उक्त जङ्गलमा आसामदेखि आउने हातीले बासस्थान बनाउने गरेका छन् । त्यहाँ दिनभर आराम गर्ने हात्तीको बथान साँझ परेपछि आहारको खोजीमा सीमा तरेर बाहुनडाँगी हुँदै नेपाल प्रवेश गर्ने गरेका छन् ।

# वायुसेवा निगम सुधार्न मन्त्री किरातीको पहल

**टुडे समाचारदाता**

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले पदबहालीका क्रममा भन्नुभएको थियो, 'राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स)लाई गौरब गर्न लायक ध्वजाबाहक बनाउँछु ।' विसं २०७९ माघ ३ गते मुलुकको ४० औं पर्यटनमन्त्रीको जिम्मेवारी सम्हाल्दै मन्त्री किरातीले कमजोर अवस्थामा रहेको निगमलाई सुधार्ने उद्घोष गरेका थिए । मन्त्रीको जिम्मेवारी सम्हालेको ६ दिनपछि अर्थात् माघ ९ गते निगमको मुख्यालयमा पुगेर निगमको समग्र अवस्थाबारे जानकारी लिँदै उनले भनेका थिए, "निगमको धुमिलिएको शाखलाई उचो बनाउन भगिरथ प्रयास गर्नेछु ।" त्यतिमात्रै हैन हरेकजसो सार्वजनिक कार्यक्रममा पर्यटनमन्त्रीको यही उक्ति दोहोरिने गर्थ्यो।



यही पुस १० गते प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वमा गठबन्धन सरकार बनेको एक महिनापछि पर्यटनमन्त्री बनेका किराती आफूले बोलेका र प्रतिबद्धता जनाएका काममा लागि परेका छन्। चुनौतीबीच निगम सुधार्ने सम्भावनाको खोजी निरन्तर चलिरहेकै छ।

वायुसेवा निगमको सुधारका लागि विभिन्न पहलकदमी भएका छन् । केही नीतिगत र रणनीतिक कार्यक्रम पनि अघि बढाइएका छन् । पर्यटन मन्त्रालयले गठन गरेको नेपाल वायुसेवा निगमको संरचनागत एवं व्यवस्थापकीय सुधार तथा अध्ययन समितिले आफ्नो प्रतिवेदन बुझाइसकेको छ। नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्रीको अध्यक्षतामा पाँच सदस्यीय समिति गठन गरिएको थियो । समितिले मेहनतका साथ निगमको संरचनागत र व्यवस्थापकीय सुधारका लागि सुझावसहितको प्रतिवेदन पर्यटनमन्त्री किरातीलाई बुझाइसकेको छ । सोही आधारमा पर्यटनमन्त्री किरातीले निगमको विद्यमान अवस्थालाई सुधार्न प्रयास गरिरहेका छन्। प्रतिवेदन कार्यान्वयनका गठन गरिएको समितिले तीव्रताका साथ काम गरिरहेको मन्त्रालयले जनाएको छ।

"विगतमा अध्ययन समिति बनाउने र प्रतिवेदन दराजमा थन्क्याउने प्रवृत्ति थियो, त्यसलाई हामीले अन्त्य गरेका छौँ", पर्यटनमन्त्री किरातीले भने। वायुसेवा निगमको पुनःसंरचनाका लागि 'म्यानेजमेन्ट कन्ट्र्याक' समिति पनि गठन गरिएको उनले जानकारी दिए । मन्त्री किरातीले भने, "कानुनीरुपमा धेरै सुधार गर्नुपर्नेछ, संसद्को हिउँदे अधिवेशनमा धेरै विषयलाई सम्बोधन गरेर जानेछौँ।"

युरोपेली सङ्घ (इयु)ले नेपालको हवाई उडानमाथि लगाएको प्रतिबन्ध हटाउन विभिन्न प्रयास भइरहेको मन्त्री किरातीको भनाइ छ। इयुको अडिट प्रतिवेदनको १२ बुँदे सुझावअनुरुप हवाई सुरक्षा र सेवा सुधारका लागि सबै संयन्त्रले काम गरिरहेको छ। मन्त्री किरातीले वायुसेवा निगमलाई सुधार्न विभिन्न प्रयास भइरहेको बताए । तर, निगमको अहिलेको अवस्थामा ल्याउन सरकार, राजनीतिक नेतृत्व सरोकारवाला निकायको पनि उत्तिकै भूमिका रहेको उहाँले उल्लेख गरे।

### तीन जहाज खरिद गरिदै

वायुसेवा निगमले आन्तरिक उडानका लागि तीन ट्वीनअटर जहाज खरिद अन्तिम चरणमा पुगेको जनाएको छ। मन्त्री किरातीले तीन जहाज खरिदका लागि अन्तिम चरणमा पुगेको र केही दिनभित्रै निर्णय हुने जानकारी दिए। उनका अनुसार त्यसैगरी अन्तर्राष्ट्रिय उडानका लागि न्यारोबडी जहाज लिज प्रक्रियाबाट ल्याउन पनि आवश्यक प्रक्रिया अघि बढाइएको छ।

विगत १२ वर्षदेखि ग्राउण्डेड ट्वीनअटर जहाज मर्मतको प्रक्रिया अगाडि बढाइएको छ। तीन जहाज ल्याएपछि दुर्गम क्षेत्रका २२ विमानस्थलमा उडान सेवा दिने गरी जहाज खरिद गर्न लागिएको निगमले उल्लेख गरेको छ। ग्राउण्डेड चिनियाँ जहाज बिक्रीका लागि टेन्डर आह्वान गरिएको छ।

### निगमको आम्दानी बढ्यो

वायुसेवा निगमको आम्दानी गत तीन वर्षमा दोब्बरभन्दा बढी वृद्धि भएको छ । महालेखा परीक्षकको लेखापरक्षिण प्रतिवेदनअनुसार निगमको कूल आम्दानी आव २०७७/७८ मा रु नौ अर्ब १० करोड ९८ लाख थियो। आव २०७८/७९ मा रु १६ अर्ब ४६ करोड ३३ लाख छ।

त्यसैगरी आर्थिक वर्ष २०७९/८० को प्रारम्भिक कूल आम्दानी रु २२ अर्ब २४ करोड १९ लाख ७८ हजार रहेको छ । विवरणमा एक वर्षको अवधिमा निगमले रु २२ अर्ब कमाएको छ । यतिखेर वर्तमान सरकारको एकवर्षे कार्यकालको कामको समीक्षा भइँरहदा मुलुकको संस्कृति, पर्यटन र नागरिक उड्डयनजस्तो महत्वपूर्ण मन्त्रालयको जिम्मेवारीमा रहेर मन्त्री किराती सुशासन, पारदर्शिता कायम गर्दै केही देखिने गरी कामको सुरुआत गरेका छन्।

कतिपय कामको परिणाम आउन बाँकी छ । तर, समग्रमा मन्त्री किरातीका प्रयास निरासाजनक छैनन्। उहाँ भन्नुहुन्छ, "सोच र योजनाअनुरुप गर्न खोजेको काम गर्न सकिएन। थुप्रै अप्ठेरा र कानुनी उल्झनलाई चिर्दै जनआकाङ्क्षाअनुरुप काम गर्नुपर्ने अपरिहार्यता छ। हिम्मत हारेको छैन प्रयास अनवरत चलिरहेकै छ।"

### अपेक्षित काम गर्न सकिएन

प्रतिनिधिसभाअन्तर्गतको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको हालैको बैठकमा मन्त्री किरातीले खुलेर आफ्ना भावना व्यक्त गरे। "काम नगरिकन कुर्सीमा बसु या विवादित भएर पनि काम अगाडि बढाउने भन्ने प्रश्न तेर्सिएको छ, भने जति काम गर्न नसकेकामा लज्जित पनि छु", मन्त्री किरातीले भने, "एउटा काम गर्न थाल्नुपर्छ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र धाउनैपर्छ, महालेखा परीक्षकको कार्यालयलाई जवाफ दिनैपर्यो । अनि अड्डा अदालत पुग्नैपर्छ, समितितिर पनि जवाफ दिनैपर्छ । काम चाही कहिले गर्ने आफैँलाई प्रश्न गरिरहेको छु।"

मन्त्री किरातीले मुलुकको हवाई क्षेत्रको सुधारका लागि पनि विभिन्न प्रयास गर्नुभएको छ । मन्त्रालय मातहतको नेपाल नागरिक उड्डयन प्राधिकरणले हवाई सुरक्षा अभिवृद्धि र नियमन तथा व्यवस्थापकीय कार्यमा प्रगति गरेको छ । सम्पदा संरक्षण र प्रवर्द्धनका सकारात्मक उपलब्धि भएको छ। मन्त्रीको सक्रियतामा सम्पदा सरसफाइ अभियान प्रभावकारी रुपमा सम्पन्न भएको छ।

### ४१ मुलुकसाग हवाई सेवा सम्झौता

पर्यटन मन्त्रालयका अनुसार नेपाल तथा रुवाण्डाबीच हवाई सेवा सम्झौता सम्पन्न भएको छ । स्वीट्जरल्याण्ड र इण्डोनेसियासँग द्विपक्षीय हवाई सम्झौताको प्रक्रिया अघि बढाइएको छ। यससँगै नेपालले द्विपक्षीय हवाई सेवा सम्झौता गरेका मुलुकको संख्या ४१ पुगेको छ। नेपालले इयुसँग पनि बहुपक्षीय हवाई सम्झौता गरेको छ। अन्य केही मुलुकसँग पनि द्विपक्षीय हवाई सम्झौताका लागि प्रक्रिया अघि बढिरहेको मन्त्रालयले उल्लेख गरेको छ।

### एक वर्षका उपलब्धि

सरकारको एक वर्षे कार्यकालमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले उल्लेखनीय उपलब्धि हासिल गरेको दाबी गरेको छ। मन्त्रालयका अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'बाट राष्ट्रिय गौरबको आयोजनाको रुपमा रहेको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अघिल्लो वर्ष पुस १७ गते उद्घाटन भएको थियो । भरतपुर आन्तरिक विमानस्थलको सुविधा सम्पन्न टर्मिनल भवन निर्माण र विमानस्थल विस्तार कार्यको शिलान्यास भएको थियो। नेपालगञ्ज विमानस्थलको टर्मिनल भवन निर्माण कार्य शिलान्यास भएको छ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित गर्नेसम्बन्धी कार्ययोजना बनाउनुका साथै भारतसँग अन्तर्राष्ट्रिय उडान सहजीकरण गर्न द्विपक्षीय प्राविधिक छलफलका लागि कूटनीतिक प्रक्रिया अघि बढाइएको मन्त्रालयको प्रगति विवरणमा उल्लेख छ।

विसं २०७९ माघ २० गतेदेखि वायुसेवा निगमबाट आन्तरिक र अन्तर्राष्ट्रिय हवाई टिकट अनलाइन प्रविधिमार्फत काट्न सकिने गरी अनलाइन टिकेटिङ्ग सेवाको सुरुआत गरिएको। जुम्ला, रुकुम, रारा तथा सिमिकोट विमानस्थल विस्तार/स्तरोन्नतिका लागि जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाइएको छ। तुम्लिङ्टार तथा सुर्खेत विमानस्थलमा एटीआर-७२ विमानबाट सेवा सञ्चालन सुरु गरिएको छ । तीन महिने बृहत् सरसफाइ अभियान कार्यक्रम सम्पन्न भएको मन्त्रालयले जनाएको छ।

### दश लाख बाह्य पर्यटक भित्रिए

नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०२३ मा १० लाख १४ हजार आठ सय ७६ बाह्य पर्यटकले नेपाल भ्रमण गरेका छन्। योसँगै सरकारको वर्ष २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य पूरा भएको छ। अर्को वर्ष दोब्बर संख्यामा पर्यटक भित्र्याउने सरकारले घोषणा गरिसकेको छ । जुगल हिमशृंखलामा पर्ने ६ नयाँ हिमाल आरोहणका लागि खुला गरिएका र सोसहित हालसम्म कूल चार सय १९ हिमाल आरोहणका लागि खुला गरिएका छन्।

> नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०२३ मा १० लाख १४ हजार आठ सय ७६ बाह्य पर्यटकले नेपाल भ्रमण गरेका छन् । योसँगै सरकारको वर्ष २०२३ मा १० लाख विदेशी पर्यटक भित्र्याउने लक्ष्य पूरा भएको छ । अर्को वर्ष दोब्बर संख्यामा पर्यटक भित्र्याउने सरकारले घोषणा गरिसकेको छ । जुगल हिमशृंखलामा पर्ने ६ नयाँ हिमाल आरोहणका लागि खुला गरिएका र सोसहित हालसम्म कूल चार सय १९ हिमाल आरोहणका लागि खुला गरिएका छन् ।

# बरहथवा घटनाप्रति कांग्रेसद्वारा दुःख व्यक्त

**टुडे समाचारदाता**


काठमाण्डु । सत्तारूढ दल नेपाली कांग्रेसले सर्लाहीको बरहथवास्थित प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नतिको विषयलाई लिएर एकजनाको मृत्यु भएको घटनाप्रति दुःख व्यक्त गरेको छ।

पार्टीका मुख्यसचिव कृष्णप्रसाद पौडेलले आज एक विज्ञप्ति जारी गरी सर्लाहीको बरहथवामा शुक्रबार सुरक्षाकर्मीको गोली लागेर स्थानीय जयशङ्कर साहको मृत्यु भएको र केही व्यक्ति घाइते भएका घटनाप्रति कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ।



कांग्रेसले मृतकमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरेको छ। उक्त पार्टीले घटनाको सत्य-तथ्य अध्ययन गरी यथार्थ छानबिन गर्नाका साथै घाइते भएकाको उपचार गर्न र प्रदर्शनकारीले उठाएका जायज विषयमा गम्भीर बन्न सरकारसँग आग्रह गरेको छ।

मुख्यसचिव पौडेलले हरेक नागरिकले आफ्ना अधिकारका विषयलाई उठान गर्दा शान्तिपूर्ण, मर्यादित र हिंसारहित उपाय अवलम्बन गर्न प्रदर्शनकारीलाई आग्रह गर्दै सुरक्षा निकाय एवं सम्बन्धित सबै पक्षलाई संयमित हुन अपिल गरेका छन्।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# दोषीलाई कारवाही गर

सर्लाहीको बरहथबामा प्रहरीले चलाएको गोली लागेर एक जनाको मृत्यु भएको छ। यस भन्दा पहिला काठमाण्डुमा भएको आन्दोलनमा प्रहरीले गोली चलाउँदा एक जनाको मृत्यु भयो । सरकारले बैधानिकता पूरा गर्नका लागि राहत दिने घोषणा गरेका छन् । काठमाण्डुमा गोली लागेर मृत्यु भएकालाई पनि राहत दिए र सर्लाहीमा मृत्यु भएकालाई पनि राहत दिने घोषणा गरेका छन् । मधेश आन्दोलनको क्रममा कयौं जनालाई ताकि ताकि टाउकोमा गोली हानियो । सरकारकै आदेशमा गोली चलाइन्थ्यो । तर, राज्यपक्षको तर्फवाट काठमाण्डु र सर्लाहीमा भएको घटनामा केही भिन्नता देखिएको छ। त्यहाँका प्रहरीहरुलाई तत्काल कारवाही गर्ने सरकार जागरुक देखिए भने बरहथबामा अहिले पनि निषेधाज्ञा जारी नै छ। त्यहाँका प्रमुख जिल्ला अधिकारीले आफूले गोली चलाउने आदेश नदिएको प्रतिक्रिया दिइसकेका छन्। अवस्था नियन्त्रण बाहिर थियो भने थप प्रहरी मगाएर सुरक्षा प्रदान गर्नुपर्ने थियो। थप टियर ग्यास प्रहार गर्नुपर्ने थियो तर, त्यहाँ बुलेट चलाइयो जसमा एउटा परिबारको दियो निभिएको छ। सरकारले विज्ञप्ति प्रकाशन गरेर आफ्नो अभिभाराबाट बञ्छिनु पर्दैन तर, यहाँ सरकार भने फर्मालिटिमा केन्द्रित देखिएको छ । सिडियोको आदेश बिना गोली चलाउने प्रहरीलाई कारबाही गर्नुपर्छ कि पर्दैन् ? प्रहरीलाई गर्नुपर्ने कारबाही प्रक्रिया कतिको अगाडि सम्म बढेको छ त्यसको हरहिसाब कसले दिने । बिना गृहमन्त्रालयको आदेशमा प्रहरीले गोली चलाउन पाउँछ ? सिडियोले गृहमन्त्रालयसंग समन्वय गरेर बुलेट नभइ रवरको गोली चलाउने आदेश दिने गरेको विभिन्न देशहरुमा प्रक्रिया छ तर यहाँ गृहमन्त्रालयको आदेश बिना सिडियोको आदेश विना प्रहरी गोली चलाउँछ र त्यसलाई गृहमन्त्रालयले कारवाही गर्नुको सट्टा छानबिन गरी दोषी देखिए कारवाही हुन्छ भन्नु दुःखद र निन्दनीय घटना रहेको भन्न सकिन्छ। स्पष्ट छ जव गृहले सिडियोलाई आदेश नदिएसम्म गोली चलाउँन पाउँदैन अनि त्यहाँ गोली चलाइयो एक होनहार युवाको मृत्यु पनि भयो त्यहाँ के को छानबिन गर्नुपर्‍यो ? त्यस्ता प्रहरीलाई तुरुन्तका तुरुन्त निलम्बन गर्नु पर्छ। विगतमा देखिएका मानसिकता अहिलेसम्म परिवर्तन हुन सकेको छैन्। भक्कानिएर रुनेहरु अहिले मस्त निन्द्रामा सुत्नुको कारण नै यो घटना बरहथबामा भएको हुनसक्छ। सरकारको द्वैध चरित्रका कारण मुलुक समृद्धिको बाटोमा जानुको साटो आन्दोलनमा धकेलिने प्रयास भइ रहेको भन्न सकिन्छ। राज्यसत्ता पक्षबाट मुलुकलाई आक्रान्त बनाउनु हुँदैन् । दोषी प्रहरीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने अहिलेको आवश्यकता छ।

# नेताले सिकाएको बाटोमा युवा



**प्रभाषचन्द्र झा**
वरिष्ठ पत्रकार

नेपालमा एक घटनाको पटाक्षेप नहुँदै अर्को घटनाले मुलुक तरङ्गित हुन्छ। ललितपुरमा एक साताअघि दुई युवाको मृत्युको खवरले देशवासी शोकाकुल भएका थिए। गत, शुक्रवार सर्लाहीको बरहथवामा एक युवकलाई प्रहरीको गोली प्रहारले मृत्यु सवैलाई हत्तप्रभ नै पारेको हुनुपर्छ। दुवै घटनामा प्रमुख जिल्ला अधिकारीले गोली चलाउने आदेश नदिएको आफ्ना धारणा सार्वजनिक गरेका छन्। बरहथवा-५का ३० बर्षीय युवक जयशङ्कर साहको टाउको गोली लाग्दा मृत्यु भएको हो। उनी घर फर्कने क्रममा सो घटना भएको बताइउको छ। अस्पतालसम्बन्त्री विवादमा उनको कुनै सहभागिता नरहेको बताइएको छ। उनी घरको एक्लै छोरा हुन्। बङ्गलादेशमा एमबिबिएसमा अध्इयनरत थिए। दस दिनको अन्तरालमा दुई घटनामा तीन युवाको ज्यान गएको खवरले जोसुकैलाई मर्माहत पारेको हुनुपर्छ

ललितपुरको बालकुमारीको घटनातर्फ यसो हेर्दा, ति युवाहरुको कोरियामा रोजगारका लागि भाषिक परीक्षा उतीर्ण हुने सवैलाई आवेदनको लागि मार्ग प्रशस्त हुनुपर्ने माग थियो। पुस ११ गतेको सो ललितपुरको वालकुमारी र ग्वार्कोको हिसात्मक घटनाको खवरले मुलुकको मात्रै होइन कि विश्वको समेत ध्यान खिँचेको छ। किनकि, वैदेशिक रोजगारसँग जोडिएको विषय भएको कारणले हो।

श्रम मन्त्रालयअन्तर्गतको इपिएस कार्यालयमा युवाहरुले आवेदन बुझ्न दवाव दिन थालेपछि हेर्दाहेर्दै स्थिति अनियन्त्रित बन्यो। प्रहरीले अनियन्त्रित भिडलाई हटाउन खोज्ने क्रममा बल प्रयोग गर्‍यो। त्यसको प्रतिरोधमा आक्रोसित युवाहरु ढुङ्गा प्रहार गरेका थिए। अन्ततः दैलेखका २२ बर्षीय सुजन रावत र अछामका २३ बर्षीय वीरेन्द्र शाहको मृत्यु भयो।

प्रहरीको मूल कर्तव्य कानुन व्यवस्था स्थापित गर्नु, अपराध नियन्त्रण र निवारण गर्नु र जनताको उजुरीको आधारमा कारवाही गर्नु हो। यसका साथै, समाजको समस्त वर्गबीच सामाजिक सद्भाव कायम राख्न आवश्यक प्रवन्ध मिलाउनु, नेता, सरकारी सम्पतिका साथै जनता एवम् उनको सम्पतिको सुरक्षागर्ने दायित्व पनि हो। प्रहरीलाई शान्ति सुरक्षाका सहयोग पुर्‍याउनका लागि राज्यले हतियार उपलब्ध गराउँछ। सो हतियारको प्रयोग कतिखेर गर्ने, कसरी गर्ने, पहिले आकासे फायर खोल्ने, त्यसपछि पनि स्थिति नियन्त्रणमा नआएको खण्डमा घुँडामुनी गोली चलाउने निर्देश दिएको हुन्छ। हतियारको उपयोग गर्ने बेलामा माथिल्लो आदेशका साथै प्रयोगगर्ने अवस्थामा विवेक अपनाउनुपर्छ। उत्तेजित समूहलाई कसरी नियन्त्रणमा लिन प्रहरीलाई चरणबद्ध ढङ्गले नियन्त्रण गर्नुपर्छ। जे भएपनि ति दुई युवक अव फर्केर नआउने हो। आगामी दिनमा यस्ता घटना हुन नदिनका लागि सचेत रहनुपर्छ। विरोधको शैली सकारात्मक ढङ्गको हुनुपर्छ। ढुङ्गामुढा र आगजनी गरेपछि मात्र सरकार जागने धारणामा परिवर्तन ल्याउनुपर्छ। सरकारलाई पनि अवस्था भयावह हुन नदिनका लागि समयमैं ठोस निर्णय लिनुपर्छ।

रोजगारका लागि युवाहरु जान खोजेपछि दुई युवालाई ज्यान गुमाउनुपरेको घटनाले रोजगार उपलब्ध गराउने मुलुकहरुको ध्यान तानेको हुनुपर्छ। किनकी, सो घटना वैदेशिक रोजगारसँग जोडिएको विषय हो। नेपालबाट दर्जनौं मुलुकमा कामदार जाने गर्छन्। कतिपय देशले नेपालका युवाहरु आन्दोलनमा उत्रने गर्छन भन्ने ढङ्ग अर्थ्याउन थाल्यो भने वैदेशिक रोजगारको क्षेत्र प्रभावित हुने खतरापनि छ। नेपालस्थित कोरिया राजदुतावासले श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्रालयका सचिव केवलप्रसाद भण्डारीसमक्ष चासो राखेको छ। सो दुतावासको टोलीले यस्तो अवस्था किन उत्पन्न भयो ? नेपालजस्तै १६ मुलुकबाट कामदार छनोटको प्रक्रिया समान छ। अन्य मुलुकमा कुनै प्रकारको विवाद हुँदैन। तर, नेपालमा किन भयो भन्ने सम्बन्धमा चासो राखेका हुन्। कतै, कोरियाले पानीजहाज निर्माणका लागि माग गरिएका कामदार छनोटको प्रक्रिया अवरुद्ध गर्ने त होइन भन्ने आशङ्काले ठाउँ पाएको थियो। तर, कोरियाले सवैलाई आवेदन दिनका लागि स्विकृति दिएको चर्चा छ। विदेशसँग जोडिएको विषय भएकाले सम्बन्धित पक्षलाई शुरु मैं चनाखो हुनुपर्ने थियो।

> सरकारसँग रोजगारको अभाव छ । सरकारी र संस्थानका कार्यालयहरुमा करारका कर्मचारीहरु भरिएको छ । जोसँग पहुँच छैन् भने त्यस्ता निमुखा शिक्षित युवाहरुलाई वैदेशिक रोजगारमैं जानुबाहेक विकल्प देखिँदैन् । अर्कोतर्फ, नया पुस्ताका अधिकांस युवाहरुलाई थोरे समयमा धेरै बढी कमाउने रहर देखिएको छ । छरछिमेकमा वैदेशिक रोजगार बस्नेहरुको जीवनशैली देखेर अधिकांस युवाहरु वैदेशिक रोजगारतर्फ आकर्षित भएका हुन् । खेतिपाति घर धान्न धौं धौं पर्छ । अनाहकमा खेतीमा किन श्रम गर्ने सोच ग्रामीण क्षेत्रका युवाहरुमा पनि देखिन्छ । यस्तो अवस्थामा सरकारले उचित पारिश्रमिकका साथै घरेलु उद्योगलाई प्रोत्साहन गर्दा केही हदसम्म युवाहरु आफ्नै मुलुकमा बस्न खोज्छन् । नेताहरुको प्रतिबद्धतामात्र भाषणमैं सीमित छ भन्ने युवाहरुको बुझाइ छ । अव, नेताहरुलाई आफ्नो छवि कसरी राम्रो बनाउने र क्षमताअनुरुपकै प्रतिबद्धता प्रकट गर्नुपर्छ ।

कुनैपनि मुलुकले कामदार अनुशासित, कर्तव्यनिष्ठ र श्रमगर्ने खालको हुनुपर्छ भन्ने पहिलो शर्त नै राखेको हुन्छ। अन्य देशको तुलनामा रोजगारका लागि कोरिया भरपर्दो र सुरक्षित देशको रुपमा हेरिन्छ। त्यसकारण, वैदेशिक रोजगारमा जान खोज्ने अधिकांस युवाहरुको चाहना कोरिया नै हो।

नेपालमा सानातिना घटनामा प्रहरीले संयमता गुमाउनु र उत्तेजित भिडले ढुङ्गामुढा प्रहारगर्ने प्रवृति तुलनात्मक रुपमा बढेको छ। विरोधको यो शैलीले गर्दा शान्ति सुरक्षा भङ्ग हुनुका साथै व्यापक रुपमा क्षतिपनि हुने गर्दछ। नेपालमा जतिपटक दलहरुले आन्दोलन गरेका छन्। प्रायः सवै आन्दोलनमा प्रहरीमाथि ढुङ्गा प्रहार, सवारी साधनमा आगजनी, रेलिङ भत्काउनुजस्ता क्रियाकलाप भएको छ। जे सिकाइन्छ, त्यहीँ नै गर्ने हो। दलका साँसदहरुले संसद भवनमैं कुर्सी हानाहान गर्छन्। यी सवै गतिविधिको नकारात्मक प्रभाव नया पुस्तामा परेको छ।आफ्नो माग पुरा गराउनका लागि दवाव दिने उद्देश्यले तोडफोडजस्ता गलत मानसिकता बढ्दै गएको छ। दलहरुलाई अव जवाफदेही हुनुपर्छ। विरोधको शैली परिवर्तन गर्नुपर्छ। राष्ट्रिय सम्पतिको क्षति नगर्ने, बन्द, हड्ताल नगर्नेलगायतका विषयमा प्रतिबद्धता जनाउनुपर्छ। विरोधगर्दा संयमित भएर गर्नुपर्छ। संयमता र दूरदर्शिताको नीति नअपनाएको कारण सानातिना विरोधको कार्यक्रममा पनि ढुङ्गा प्रहार र तोडफोड गर्ने शैली स्थापित भएको छ। आगजनी र तोडफोड भएको खण्डमा जवाफदेही बन्नुपर्ने, आन्दोलन पक्षबाट क्षतिपूर्ति तिराउनुपर्ने कानुन बनाउनुपर्छ। त्यसपछि, यस्ता दुःखद घटना हुने सम्भावना अतिन्यून हुन्छ। अनाहकमा प्रहरीले गोली चलाएको खण्डमा कारवाहीको दायरामा ल्याउनका लागि आवश्यक कानुन निर्माण गर्नुपर्‍यो भने गर्नुपर्छ।

सरकारले येन केन प्रकारेन यो तनावपूर्ण स्थितिलाई साम्य पार्न सफल भयो। तर, सरकारको विश्वसनीयता झन खस्केको छ। प्रधानमन्त्री प्रचण्डले युवाहरुको उक्त आक्रोसमा पनि गणतन्त्रविरोधीको भूमिकापनि हुन सक्ने आशङ्का व्यक्त गर्‍यो। सत्यलाई जति लुकाएपनि अर्कामाथि आरोप लगाएपनि सरकारको सुशासनको प्रतिबद्धता भाषणमै सीमित छ भन्ने पुष्टि भयो।

सरकारसँग रोजगारको अभाव छ। सरकारी र संस्थानका कार्यालयहरुमा करारका कर्मचारीहरु भरिएको छ। जोसँग पहुँच छैन् भने त्यस्ता निमुखा शिक्षित युवाहरुलाई वैदेशिक रोजगारमैं जानुबाहेक विकल्प देखिँदैन्। अर्कोतर्फ, नया पुस्ताका अधिकांस युवाहरुलाई थोरे समयमा धेरै बढी कमाउने रहर देखिएको छ। छरछिमेकमा वैदेशिक रोजगार बस्नेहरुको जीवनशैली देखेर अधिकांस युवाहरु वैदेशिक रोजगारतर्फ आकर्षित भएका हुन्। खेतिपाति घर धान्न धौं धौं पर्छ। अनाहकमा खेतीमा किन श्रम गर्ने सोच ग्रामीण क्षेत्रका युवाहरुमा पनि देखिन्छ। यस्तो अवस्थामा सरकारले उचित पारिश्रमिकका साथै घरेलु उद्योगलाई प्रोत्साहन गर्दा केही हदसम्म युवाहरु आफ्नै मुलुकमा बस्न खोज्छन्। नेताहरुको प्रतिबद्धतामात्र भाषणमैं सीमित छ भन्ने युवाहरुको बुझाइ छ। अव, नेताहरुलाई आफ्नो छवि कसरी राम्रो बनाउने र क्षमताअनुरुपकै प्रतिबद्धता प्रकट गर्नुपर्छ।

राज्यले रेमिट्यान्स खोजेको छ। वैदेशिक रोजगार कुनै कारणवश प्रभावित भयो भने विदेशबाट फर्कने लाखौं युवाहरुको व्यवस्थापन कसरी गर्ने सन्दर्भमा सोच्नुपर्छ।

झुठो राष्ट्रवादको नारा भोको पेट शान्त हुँदैन्। बर्षोदेखि अमेरिका र भारतको डर देखाएर नेपालमा केही नेताहरु राजनीति गरिरहेका छन्। अहिले, रुसले नेपालसँग सन्धिको बर्खिलाफ गरेको छ। रुससँग कुनै सैनिक नियुक्तिसम्बन्धी सन्धि भएको छैन्। रुसी सेनामा बहाल भएका करिव एक दर्जनको मृत्यु भएको खवर चर्चामा छ। 'खोई ? राष्ट्रवादीहरु !' रुसको विरुद्धमा सामान्य प्रदर्शन गर्न किन न उत्रेको ? रुससमक्ष दरिलो ढङ्गले दवाव बनाउन नसकेको अवस्था छ। रुसी सेनामा बहाल भएका सवै नेपालीहरुलाई फिर्ता बुलाउनका गम्भीर ढङ्गले आवाज उठाउनुपर्छ। लाखौं नेपालीहरु कामदारको रुपमा विदेशमा छन्। भारतले सेना बहालीमा अग्निबीर नीति ल्यायो। त्यो नीतिअन्तर्गत नेपाल तयार भएन्। रुसी सेनामा बहाली हुने कुन नीति अन्तर्गत भएको छ भन्ने प्रश्न त उठेको छ। अमेरिका पुग्नका लागि लाखौं रुपैया तिरेर नक्कली भुटानी बन्न र चोर बाटो अपनाएर पुग्न खोजिएको हो। अमेरिकाको भिषा पाएपछि खुशीयाली मनाइन्छ। अमेरिकाको ग्रिन कार्ड पाएपछि राष्ट्रियताका नारा एकैछिनमा विलिन हुन्छ। नेपालका संविधानसभाका अध्यक्ष रहनु भएका सुवासचन्द्र नेम्वाङको दुई दिन शव राख्नु पर्‍यो। दुइटै छोरा विदेशमा बसेको थियो।

नेपालमा प्रजातन्त्रको पुनःस्थापनापछि जहिलेपनि सडक आन्दोलन, सत्ताको लागि खिचातानी हुँदाहुँदै मुलुक अधोगतिमा पुग्यो। सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था आएपछि मुलुकले ठूलो फड्को मार्ने शीर्ष नेताहरुले घोषणा गरेको थियो। अव, गणतन्त्रमाथि खतरा छ भने त्रास देखाएर सर्वसाधारण ध्यान मोड्न खोजिएको छ।

अङ्ग्रेजी नयाँ बर्षको दिन केही बर्षदेखि टोपी दिवस मनाइने थालिएको छ। सोही दिन धोती दिवसपनि मनाउन थालिएको हो। एक जनवरीमैं धोती दिवस किन मनाउनुपर्ने कारण बुझ्न सकिएन्। परापूर्वकालदेखि हिन्दुहरुले धार्मिक गतिविधि गर्दा अनिवार्य रुपमा धोती पहिरण गर्छन्। मधेशमा अत्यधिक गर्मी पर्छ। सो कारणले मधेशी समुदाय धोतीलाई पहिलो प्राथमिकता दिन्छ। पहाडे समुदायका केही व्यक्तिहरुले मधेशीलाई 'धोती' भनेर उपहास गर्दा धोती मधेशकेन्द्रीत दलको राजनीतिक अस्त्रको रुपमा परिणत भयो। त्यो अस्त्रले मधेशकेन्द्रीत दलहरुलाई सत्तामा पुर्‍याउनमा भूमिका निर्वाह गर्‍यो। पटक पटक धोतीलाई राजनीतिक रङ्ग दिन खोज्यो भने त्यो प्रत्युत्पादक हुने तत्काल सम्भावना देखिँदैन। मधेशी जनता भावनात्मकभन्दा अव नेताहरुको रचनात्मक भूमिकातर्फ केन्द्रीत हुने हुनेछ।

जनमत पार्टीले धोती दिवस निषेधित क्षेत्रमैं मनाउन खोज्दा सो पार्टीका अध्यक्ष सिके राउतसहित सो पार्टीका कार्यकर्ताहरु पक्राउमा परेका थिए। सामाजिक सञ्जालमा विरोध शुरु भयो। दिवस मनाउनका लागि निषेधित क्षेत्रमै पुग्नु पर्ने हो ? कथङ्कदाचित कसैको टाउको फुटेको भए, तराईमा सो पार्टीका कार्यकर्ताले विरोधका कार्यक्रम शुरु गर्न सक्थ्यो। विरोधका कार्यक्रम उत्तेजित हुनासाथ तोडफोड, आगजनी र ढुङ्गा प्रहार सम्भावनालाई नकार्न सकिँदैन। किनकी, विगतमा यस्ता घटनाहरु पटक पटक भएका छन्। तसर्थ, दलहरुलाई अव, सस्तो लोकप्रियताको राजनीति नगरी जनताको मन कसरी जित्ने र विरोधका कार्यक्रम संयमित ढङ्गले गर्ने थिति बसाउनुपर्छ। मधेशका सर्वसाधारण जनता हत्तपत्त नेताको पछि कुद्न थाल्छ भने न सोचे हुन्छ। जनताले सवैको गतिविधि नियालेर बसेका छन्। 'इतिश्री'!

# स्वास्थ्य बीमा कार्यक्रमको ब्ल्याक बक्स खोल्न पहल किन नगर्ने?



**मुकेश अधिकारी**

करिब ५ वर्षको हेल्थ पोलिसी, हेल्थ इकोनोमिक्स र हेल्थ इकोनोमेट्रिक्सको अध्ययन र लगभग १० वर्षको नेपालको सरकारी स्वास्थ्य प्रणालीको अनुभवको आधारमा म यो लेखमा नेपालको स्वास्थ्य बीमा कार्यक्रमको बारेमा एउटा तर्क गर्दैछु। त्यो हो, नेपालको स्वास्थ्य बीमा कार्यक्रम एउटा ब्ल्याक बक्स हो, जुन नखोलीकन यो कार्यक्रममा पोलिसी डिर्पाचर गर्न र दिगो सुधार गर्न एकदमै कठिन छ।

आफ्नो तर्कलाई सर्पोट गर्न म २ वटा बुदाँहरु व्याख्या गदैछु र समाधानको लागि थप आर्थिक भार नपर्ने केही उपायहरु सुझाउने प्रयास गदैछु। यो लेख म किन पनि लेख्दैछु भने स्वास्थ्य बीमा कार्यक्रममा विगत केही दिन यता नयाँ रक्तसंचार भएको अनुभव भएको छ। नयाँ नेतृत्वले हाजिरी भएदेखि नै लगभग दिनहुँ बीमा कार्यक्रममा केही न केही नयाँ निर्णयहरु गरेर सुधारको पहल गरेको देखिन्छ र केही गरिछाड्ने हुटहुटी स्पष्ट देखिन्छ।

अब मेरो पहिलो बुदाँतर्फ जाऔं। विगत ८ वर्ष यता स्वास्थ्य बीमा बोर्डले प्रकाशित गरेको जानकारीहरुबाट इन्पुट र केही हदसम्म आउटपुट थाहा हुन्छ तर भित्र प्रोसेस कसरी भइरहेको छ, कत्ति पनि थाहा हुदैन। स्वास्थ्य बीमा कार्यक्रम सुरुवात भएदेखिका हालसम्मका सबै वार्षिक प्रतिवेदनहरु पढ्ने प्रयास मैले गरेको छु र त्यसमा मुलतः एउटा तथ्यांक देखेको छु।

त्यो हो कार्यक्रम यतीवटा जिल्लाहरु र यतीवटा स्थानीय तहहरुमा विस्तार भयो, यती जनसंख्यालाई कभर गरयो, यती ड्रप आउट भए, यतीले रिन्यु गरे, स्वास्थ्य संस्थाको दाबी रकम यति थियो र यति भुक्तानी गरियो। यो जानकारी भन्दा अलिक फरक हिसाबले आर्थिक वर्ष २०७८।७९ को प्रतिवेदनमा चाँहि एउटा थप कुरा भेटियो त्यो हो, सो आर्थिक वर्षमा स्वास्थ्य संस्थाले रकम दाबी गर्दा पेश गरेको १० वटा उच्च रोगहरुको नाम र दाबी प्रतिशत, जुन प्रदेश अनुसार प्रस्तुत गरिएको छ। यो कदम सरहानीय छ तर के यी प्रतिवेदनहरुमा प्रस्तुत गरिएको तथ्यांकको आधारमा कार्यक्रममा भएको अर्न्तनीहित समस्याहरु र कार्यक्रम प्रभावकारी भएको छ कि छैन भन्ने मापन गर्न सकिन्छ।

तितो यथार्थ, एक शब्दमा भन्न सकिन्छ, सकिँदैन। स्मरण रहोस्, म कुरा गदैछु अन्तर्नीहित समस्याको बारेमा। हो, सतही रुपमा वा अनुभवका आधारमा समस्या र समाधानका उपायहरु लिस्ट गर्न सकिएला तर त्यसरी गरिएको लिस्टमा अबजेक्टिभीटी हुदैन, मुख्यतया सब्जेक्टिभ धारणा हुन्छ, जुन मानिस अनुसार फरक फरक हुन्छ। अब किन सकिँदैन भन्नुहुन्छ होला। अन्तरनीहित समस्या बुझ्नका लागि प्रोसेसिङ कसरी भइरहेको छ बुझ्नुपर्छ। रिसर्चको भाषामा भन्ने हो भने स्वास्थ्य बीमा कार्यक्रम भित्र भईरहेका मेकानिजमहरु बारे हामी धेरै हदसम्म अनविज्ञ छौं। प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्यांकहरु डिस्क्रिपटिप स्टाटिस्टिक्स हुन जसले तपाईको स्यामपलको विशेषताबारे भन्छ। तर यसको आधारमा बीमित मानिसहरु औषतमा कसरी विहेभ गर्दैछन भनेर केही भन्न सकिदैन।

अर्थशास्त्रको एउटा सर्वमान्य सिदान्त छ कि मानिसहरु इन्सेन्टिभ प्रति रेन्सपन्स गर्छन् जसलाई "पिपुल रेर्पोन्ड इन्सेन्टिभ" पनि भन्ने गरिन्छ। सामान्य उदाहरण लिऔं, मानिसलाई आवश्यक पर्ने वा चाहना भएको सामानको मूल्य रु १०० थियो तर पसलले विशेष छुटमा रु ५० मा दिने अफर ल्यायो भने धेरै मानिसहरुले उक्त सामान किन्छन्। त्यसै गरी अर्को नेगेटिभ इस्सेन्टिभको उदाहरण लिऔं, चुरोट र रक्सीमा बढी कर लगाएर मानिसहरुलाई स्वास्थ्यमा हानी गर्ने चिजहरुबाट विकर्षित गर्ने गरिन्छ। यस्तो ईन्सेटिभहरु प्रतिको रेन्सपन्स मानिसहरुले फरक फरक रुपमा गर्छन् जसलाई बुझ्नु अत्यन्त आवश्यक छ र यसका आधारमा समाजको समग्र वेलफेयर हुने इन्टरभेन्सन गरिनुपर्छ भन्ने कुरामा धैरेजसो अर्थशास्त्रीहरुको विश्वास गर्छन्।

अब यो सिदान्तलाई स्वास्थ्य बीमा कार्यक्रममा हेरौं। स्वास्थ्य बीमा पनि एक प्रकारको इन्सेन्टिभ हो। हालको सन्दर्भमा ३५०० रुपैयाँ तिरेर एक लाख सम्मको स्वास्थ्य उपचार पाउने व्यवस्था छ। मानिसहरु ३५०० रुपैयाँ तिरेर एक लाख सम्मको स्वास्थ्य सेवा पाउन स्वास्थ्य बीमामा आवद्ध भएपछि कसरी विहेभ गर्दैछन्, सुचिकृत भएका स्वास्थ्य संस्थाहरु, र त्यहाँका स्वास्थ्यकर्मीहरु कसरी रेन्पन्स गरिरहेका छन्, कुनै खास प्रकारको रेन्सपन्सले स्वास्थ्य बीमा कार्यक्रमको आर्थिक दिगोपनामा असर त गरिरहेको छैन, कुनै खास प्रकारको रेन्पन्सले विमितहरुलाई फाइदा वा घाटा त भइरहेको छैन ?

केही सामान्य उदाहरणहरु यस्ता हुन सक्छनः पैतीस सयले एक वर्षलाई काम गर्छ भन्ने थाहा पाएको र करिब ११ महिना एउटा पनि सेवा प्रयोग नगरेको परिवारका सदस्यहरु १२ औ महिनामा अनावश्यक रुपमा चेकजाँच वा टेस्ट त गरिरहेका छैनन्? यदि त्यस्तो हो भने के सबैले त्यस्तो गरिरहेका छन् कि कुनै खास प्रकारका मानिसहरुले गरिरहेका छन्? बढी भुक्तानी पाउने आशामा कुनै खास प्रकारको सेवाको दाबी कुनै खास स्वास्थ्य संस्थामा त बढी भइरहेको छैन? के यस्ता रेन्पन्सहरु सिस्टमाटिक्स रुपमा त भइरहेका छन्। यी लगायत यस्ता कैयौं प्रश्नहरुको उत्तर हालसम्म प्रकाशित भएका प्रतिवेदन र अध्ययनहरुले दिन सकेको छैन। होला सतही रुपमा यी प्रश्नहरुको उत्तर कसैले दिन सक्ला तर म यहाँ कुरा गर्दैछु तथ्यांकको गहिरो विश्लेषणको आधारमा यी प्रश्नहरु खोतल्ने हालसम्म प्रयास गरिएको छैन।

अब मेरो दोस्रो बुदाँतर्फ जाऔं, हालसम्म नेपालको स्वास्थ्य बीमा कार्यक्रमसित सम्बन्धित जति अध्ययन अनुसन्धान भएर पेपरहरु प्रकाशित भएका छन्, त्यसले कोरिलेसन वा एसोसियसन वा सामान्य भाषामा भन्नुपर्दा सम्बन्धको तहमा मात्र जानकारी दिन्छ, कारणको तहको विश्लेषण होइन। जस्तै उदाहरणको रुपमाः पहिलो सम्पर्क स्वास्थ्य संस्था १ किलोमिटर टाढा भएको कारणले बीमति भएर पनि कति प्रतिशत मानिसहरुले आवश्यक सेवा लिनबाट बन्चित भएका छन्? के प्रिमियम तिरेका बीमितहरु र प्रिमियम नतिरेको बीमितहरु उस्तै हिसाबले विहेभ गरिरहेका छन् छ? बीमा कार्यक्रमको प्रिमियमलाई रु २५०० बाट रु ३५०० मा लैजादाको सेवाग्राही र सेवाप्रदायकको रेन्पन्स कस्तो रह्यो? स्वास्थ्य बीमा कार्यक्रमकै कारणले खल्तीबाट हुने स्वास्थ्यसम्बन्धी खर्च कति प्रतिशतले कम भयो? यी लगायत यस्ता कयौ प्रश्नहरु अनुत्तरित छन्।

स्वास्थ्य बीमासम्बन्धी कारण तहको अध्ययन आफैमा जटिल छ किनभने त्समा सेलेक्सन प्रोब्लम छ। सामान्य भाषामा यसलाई भन्नुपर्दा स्वास्थ्य बीमामा आवद्ध हुने मानिसहरु आधारभूत रुपमै आवद्ध नहुने मानिसहरु भन्दा फरक हुन्छन् जसले गर्दा अध्ययनमा राखिने कन्ट्रोल ग्रुप टिट्मेन्ट ग्रुप भन्दा फरक हुन्छ। यो समस्याको समाधान गर्न इकोनोमेट्रिकसमा धेरै उपायहरु हुन्छन्, तर मलाई थाह भएसम्म आजको दिनसम्म नेपालको स्वास्थ्य बीमा सम्बन्धी अध्ययनहरुमा यस्ता उपायहरुको प्रयोग भएको छैन।

अब सवाल आउँछ, के यो ब्ल्याक बक्स खोल्न सकिन्छ त? सकिन्छ, तर यसका लागि केही कुराहरुमा स्वास्थ्य बीमा बोर्ड उदार हुनुपर्छ। एक, नाम र पहिचान खुलाउन नसकिने व्यक्तिगत तहको दाबीसम्बन्धी डाटा अध्ययनकर्ताहरुलाई सहज रुपमा उपलब्ध गराउनुपर्छ। धेरै देशहरुमा दाबीसम्बन्धी डाटाहरुको गहन विश्लेषणकै आधारमा अध्ययनहरु गरेर स्वास्थ्य बीमा कार्यक्रममा परिमार्जन गर्ने गरिन्छ।

तर विडम्बना, डाटा पाउनका लागि धेरै पटक विभिन्न माध्यमको प्रयोग गर्दा पनि असफल भएका म जस्ता कैयौं अध्ययनकर्ताहरुको आइडिया दिमाग वा कागजमै तुहिएका छन्। यदि सरकार वा स्वास्थ्य बीमा बोर्डले फ्रिमा आफ्नो कार्यक्रमको चिरफार गर्ने उत्सुक अध्ययनकर्ताहरु पाइरहेको छ भने तुरुन्तै एउटा डाटा सेयरिङ कार्यविधि र डाटा प्रयोग एग्रिमेन्टसम्बन्धी व्यवस्था किन नगर्ने भन्ने प्रश्नको उत्तर मैले अहिलेसम्म भेटेको छैन। संसारमा म जस्ता धेरै पिएचडी अध्ययन गर्ने विद्यार्थीहरु र कम विकसित देशहरुमा बीमासम्बन्धी अध्ययन गर्ने प्राध्यापकहरु छन्। जसले स्वास्थ्य बीमाको डाटालाई प्रयोग गरेर बीमा बोर्डलाई महत्वपूर्ण सुझावहरु दिन सक्छन्। त्यो पनि फ्रिमा, वैज्ञानिक तवरले।

दुई, स्वास्थ्य बीमा बोर्डले कुनै पोलिसी इन्टरभेन्सन गर्दा इकोनोमेट्रिक्ससम्बन्धी जानकारी भएका विज्ञहरुलाई राखेर कसरी माथि उल्लेख गरिएको सेलेक्सन प्रोब्लमलाई समाधान गर्ने भन्ने कुरा कार्यक्रम डिजाइन गर्ने बेलामै सोच्नुपर्छ ताकि त्यो पोलिसी इन्टरभेन्सनको प्रभावकारिता सही तरिकाले अध्ययन गर्न सकियोस्।

उदाहरणको लागि चाँडै लागू हुदै गरेको कोपेमेन्ट प्रणाली सैदान्तिक रुपमा फजुल वा अनावश्यक खर्च रोक्ने राम्रो पोलिसी इन्सट्रुमेन्ट हो तर यो इन्टरभेन्सनले नसोचेको हानी हुन सक्छ, जस्तै केही निश्चित प्रकारका बीमितहरुले आवश्यक उपचारहरु पैसा तिनुपर्ने कारणले चाहदा चाहदै पनि छोड्न सक्छन्, जसले गर्दा त्यो समुहलाई फाइदा भन्दा बढी हानी हुन सक्छ। एउटा कुरा बुझ्नु अत्यन्त आवश्यक छ कि सही नियतले गरिएको पोलिसी इन्टरभेन्सनले सोचेको फाइदा मात्रै होइन कहिलेकाही नसोचेको हानी हुन सक्छ, त्यसैले इन्टरभेन्सनहरुको प्रभावकारिता मुल्यांकन गर्दै कार्यक्रमलाई परिस्कृत गर्दै लैजानुपर्छ।

नेपालको सन्दर्भमा स्वास्थ्यमा सर्वव्यापी पहुँच ल्याउनका लागि स्वास्थ्य बीमा कार्यक्रम सफल नभैकन लगभग असम्भव छ। तर विडम्बना आठौ वर्षमा पुगिरहेको स्वास्थ्य बीमा कार्यक्रम अझैसम्म ब्ल्याक बक्सको रुपमा छ। यसलाई यथासिघ्र खोतलेर समस्या पत्ता लगाई सुधार गर्दै लैजानु अत्यन्त आवश्यक छ। स्वास्थ्य बीमा कार्यक्रम नेपालमा नयाँ छ, स्वास्थ्य बीमा बोर्ड सिक्दैछ, नीति निर्माण गर्ने अधिकारीहरु सिक्दैछन्, सुचिकृत भएका संस्थाहरु सिक्दैछन् र बीमितहरु सिक्दैछन्। तसर्थ यो सबैलै आफ्नै आफ्नै तरिकाले सिकिरहेको स्वास्थ्य बीमालाई वैज्ञानिक तवरले गहिरो रुपमा बुझेर क्रमिक रुपमा किन सुधार नगर्ने, यस बारे सरोकारवाला पक्षहरुको ध्यान जानु अत्यन्त जरुरी छ।

# ‘योग र ध्यानको आभ्यासबाट सुशासनको अभियान सार्थक’




**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले योग र ध्यानको नियमित अभ्यासबाट सुशासनको अभियानलाई सार्थक बनाउन महत्वपूर्ण सहयोग मिल्ने बताएका छन् ।

गृह मन्त्रालयको समन्वयमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सञ्चालित ध्यानद्वारा ऊर्जा जागरणको एक दिवसीय कार्यशालाको शनिबार उद्घाटन गर्दै उपप्रधानमन्त्री श्रेष्ठले समाजलाई सकारात्मक मार्गमा डोहोऱ्याउन र विश्वभर मानवताको प्रवर्द्धन गर्न योगध्यानको महत्वपूर्ण भूमिका रहेको बताए ।

“योग शारीरिक अभ्यास मात्र नभएर मनको विज्ञान पनि हो”, उपप्रधानमन्त्री श्रेष्ठले भने, “ध्यानमार्फत व्यक्ति पूर्ण जागृत अवस्थामा पुग्छ, यसबाट व्यक्तिको कार्यक्षमता पनि अभिवृद्धि हुन्छ ।” उनले दैनिक योगाभ्यास तथा ध्यानको प्रयोगबाट तनावमुक्त जीवनयापन, गहिरो शान्ति, सत्चरित्रवान् र ऊर्जावान् बन्न प्रेरित तथा परिणाममुखी काम गर्न सकिने दृष्टान्त दिए ।

उपप्रधानमन्त्री श्रेष्ठले योग तथा ध्यानको प्रयोगले प्रशासन र सुरक्षा निकायका कर्मचारीलाई असल मनसायका साथ कार्यसम्पादन गर्न प्रेरित गर्ने तथा राज्यले सुम्पेका जिम्मेवारी पूरा गर्न सहयोग मिल्ने विश्वास व्यक्त गरे । उनले योग, ध्यान तथा सकारात्मक ऊर्जाको विकासलाई सरकारले थालनी गरेको सुशासनको अभियानसँग जोडेर अघि बढाइएको बताए ।

यसखालका कार्यक्रमबाट गृह प्रशासनका कर्मचारी र सुरक्षाकर्मीको दायित्व तथा जिम्मेवारी झन प्रभावकारी बन्ने उनको विश्वास छ । “सरकारले सञ्चालन गरेको सुशासनको अभियानलाई सफल बनाउन योगध्यान कार्यक्रमबाट सहयोग पुग्नेछ”, उनले भने, “अनियमितता, भ्रष्टाचार र ढिलासुस्तीलाई न्यूनीकरण गर्न पनि ध्यान विज्ञानले सहयोग गर्नेछ ।”

गृह मन्त्रालयले औपचारिक निर्णय गरेर नै प्रत्येक कार्यालयमा कामका सुरुआतमा १५ मिनेट ध्यान गरेर सकारात्मक ऊर्जाका साथ काम गर्ने वातावरण बनाएको उपप्रधानमन्त्री श्रेष्ठले बताए ।

प्रतिष्ठानका कार्यकारी निर्देशक एवं प्रहरी अतिरिक्त महानिरीक्षक सन्दीप भण्डारीले नेपाल प्रहरीको आधारभूत तथा सेवाकालीन तालिममा योग तथा ध्यानसम्बन्धी प्रशिक्षण दिइँदै आइएको बताए । उनले प्रहरी तालिमसँगै योग तथा ध्यानलाई पनि जोडेर लगिने उल्लेख गरे ।

जीवन विज्ञानका प्रशिक्षकद्वारा सञ्चालित उक्त ध्यान विज्ञान कार्यक्रममा वरिष्ठ प्रहरी अधिकृत, गृह मन्त्रालयका कर्मचारी र प्रशिक्षार्थी गरी दुई सय बढीको सहभागिता छ । कार्यक्रममा योगाभ्यास, प्राणायम, ऊर्जाध्यानको प्रयोग गराइनेछ ।

# विद्यमान व्यवस्थाको सही व्यवस्थापनमा दल चुके : शान्ति विक

**टुडे समाचारदाता**

काठमाण्डु । विसं २०७९ को आमनिर्वाचनबाट नयाँ उमङ्ग, उत्साह बोकेर हामी जसरी प्रतिनिधिसभामा प्रवेश गरेका थियौँ, त्यसअनुरुप काम गर्न नसकिएको अवस्था छ । जुन उद्देश्यले नेपाली जनताले हामीलाई चुनेर पठाएका थिए, त्यसअनुसार काम गर्न नसक्दा दुःख लागेको छ । पछिल्लो एक वर्षमा सोचेअनुरुप कानुन बनाउन सकेनौँ । कानुन निर्माण र समयसापेक्ष परिमार्जन जति चाँडो गर्छौं, त्यति नै छिटो मुलुकलाई निश्चित लय र गतिमा अघि बढाउन सकिन्छ ।

संसद्को प्रभावकारिता देखिन नसक्नुमा सरकार र प्रतिपक्षतर्फका सबै सांसद उत्तिकै जिम्मेवार छौं । सरकारले पनि संसद्लाई ‘बिजनेस’ दिन सक्नुपर्यो । नियम कानुन बनाउने कुरामा तदारुकता देखाउनुपर्यो । सरकारले जे जति विधेयक संसद्मा दर्ता गराएको छ त्यसलाई स्वीकृत गर्नका लागि प्रतिपक्षले पनि सहयोग गर्न आवश्यक छ ।

कानुन निर्माणका क्रममा बिना अवरोध संसद्का कामकारबाही अघि बढ्ने प्रत्याभूति प्रतिपक्षबाट हुन जरुरी छ । विरोध गर्नु प्रतिपक्षको धर्म हो भनिए पनि सधैँ त्यसो ठिक होइन । देशको नीति, नियम र कानुन निर्माण गर्ने सवालमा सत्तापक्ष र प्रतिपक्ष भन्ने हुनुहुँदैन । सबै पक्ष मिलेरै कानुन बनाउने हो । गलत कुरा केही भइरहेका छन् भने प्रतिपक्षले सरकारलाई सचेत गराउनुपर्छ । पछिल्लो एक वर्षमा निकै कम मात्र कानुन पारित हुनुमा सत्तापक्ष र प्रतिपक्ष दुवै जिम्मेवार छन् । कानुन बनाउन सके थिति बस्छ भनेर बुझ्न आवश्यक छ ।

नागरिकले आफ्ना जनप्रतिनिधि छान्दा केही अपेक्षा राखेका हुन्छन् । संसद् भनेको नीति निर्माणसँगै जनजीविकाका कुरा उठाउने, नागरिकका समस्या उठाउने थलो हो । जनताले जिम्मेवारी दिएर पठाइसकेपछि हामीले त्यो काम गम्भीरताका साथ गर्नुपर्ने हुन्छ । जनजीविका र नागरिकका आवाज हामीले संसद्मा उठाइरहेकै छौं । आगामी दिनमा थप जिम्मेवारीका साथ यी र यस्ता विषय उठाउनेमाम प्रतिबद्धछु ।

संसद्मा उठेका विषयलाई सरकार र मातहतका निकायले सम्बोधन गर्ने कुरालाई हेर्दा कतिपय सम्बोधन भएका छन् भने कतिपय बाँकी छन् । सांसदले संसद्मा उठाएका सबै विषय सम्बोधन हुन नसक्नुको पछाडि सत्तापक्ष र प्रतिपक्षबीचको खिचातानीलाई केही हदसम्म जिम्मेवार मान्न सकिन्छ । संसद्को मर्यादा, गरिमा र जिम्मेवारी बिर्सेर हामी एकअर्काको विरोध र खिचातानीमा लागिरहेका छौं । कतिपय विषयमा सत्तापक्ष लचिलो भएर प्रस्तुत हुँदा पनि




प्रतिपक्षबाट चर्को विरोध भएको सुनिन्छ । हरेक कुरामा विरोध गर्ने र अपजस दिने मात्र प्रतिपक्षको भूमिका होइन, रचनात्मक भएर कार्यान्वयनयोग्य सुझाव पनि सरकारलाई दिनुपर्छ ।

संसद्सँगै संसदीय समिति पनि उत्तिकै जिम्मेवार, प्रभावकारी र जवाफदेही हुन आवश्यक छ । संसद् अधिवेशन अन्त्य भएको बेला पनि अहिले समितिले नियमित कार्य गरिरहेका छन् । बैठक बसिरहेकै छन् । समितिले काम गर्नका लागि पनि त्यहाँ विधेयक जानुपर्यो । अरु क्षेत्रगतरुपमा छलफलका विषयवस्तु हुनुपर्यो । नत्र समिति बैठक बस्नुको मात्रै अर्थ भएन ।

संसद् र समितिमा केही विधेयक आएका छन् । तर जति सङ्ख्यामा आउनुपर्थ्यो, त्यति आएका छैनन् । कानुन निर्माणमा सरकारपक्ष र प्रतिपक्षको समान स्वार्थ, समान धारणा, समान विचार हुनुपर्ने होइन र रु जुनसुकै दल सरकार वा प्रतिपक्षमा भएपनि कानुन निर्माणका क्रममा त राम्रोलाई राम्रो र नराम्रोलाई नराम्रो भन्न सक्नुपर्यो । कुनै ठाउँमा गल्ती छ वा केही तलमाथि भइरहेको छ भने सुधारका लागि सुझाव दिनुपर्यो ।

विसं २०७९ को प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणालीमार्फत निर्वाचित भएर आएको एक वर्ष एक महिना भयो । यस अवधिमा हामीले जनताका समस्या र गुनासा पर्याप्त मात्रामा संसद्मा उठाएका छौं । नागरिकका कतिपय गुनासा कानुन निर्माणसँग पनि जोडिएका छन् । कानुन बन्न नसक्दा ती गुनासा सम्बोधन हुन सकेका छैनन् । यद्यपि, मेरो यो एक वर्षे कार्य अवधिबाट म एकदमै खुसी र हर्ष मनाउने अवस्थामा छैन । तर म बेखुसी पनि छैन ।

कतिपय अवस्थामा संसद्मा दलको ह्वीप चल्ने, दलका शीर्ष नेताको मात्रै भनेको चल्ने भन्ने कुरा बाहिर सुनिन्छ । तर मैले संसद्मा त्यस्तो अनुभूति गर्नुपरेको छैन । म आबद्ध दल नेपाली कांग्रेसले अहिलेसम्म संसद्मा कुनै विषयमा नबोल्नु भनेर मलाई भनेको छैन । हामी सांसद चित्त नबुझेका कुरा स्पष्ट ढङ्गले संसद्मा राख्नसक्छौं । बजेटमाथि चित्त नबुझेका कतिपय कुरा सत्तापक्षकै सांसदले संसद्मा गम्भीररुपमा उठाएका छन् । हामी प्रजातान्त्रिक मूल्य र मान्यतामा विश्वास गर्ने दल भएकाले कुनै विषयमा हस्तक्षेप गर्ने वा दलभित्र शीर्ष नेतृत्वको दबाबमा बस्नुपरेको अवस्था अहिलेसम्म छैन । बरु प्रतिपक्षका सांसद एकस्वरमा आफ्नो नेतृत्वको बचाउमा उत्रेको देखेको छु । सत्तापक्षका सांसदमा निकै स्वतन्त्र ढङ्गले आफ्ना कुरा राख्ने गरेको मैले पाएको छु ।

पछिल्लो समय नागरिकस्तरमा वर्तमान राज्य सञ्चालन विधिलाई लिएर चरम गुनासो सुनिन थालेको छ । सरकार, संसद्, लोकतान्त्रिक व्यवस्थामाथि समेत विभिन्न ढङ्गले प्रहार भएका छन् । त्यसमा सामाजिक सञ्जालले पनि निकै मलजल गरेको छ । अहिले हाम्रो समाज किन यति धेरै लय बाहिर ९आउट अफ ट्र्याक० गयो भनेर गम्भीररुपमा सोच्नुपर्ने बेला आएको छ ।

सामाजिक सञ्जालको दुरुपयोगको प्रभाव समाजमा नराम्रोसँग देखिन थालेको छ । सूचना प्रवाह गर्ने माध्यम बन्नुपर्ने सामाजिक सञ्जाल आक्रोश व्यक्त गर्ने थलो बन्यो । हाम्रो व्यवस्था नराम्रो होइन । तर यो व्यवस्थालाई सही ढङ्गले व्यवस्थापन गर्न नसकिएको हो भनेर हामीले किन बुझिरहेका छैनौँ रु राजनीतिक दलले पनि जनआकाङ्क्षा बुझ्न जरुरी छ । नागरिकका गुनासालाई उपेक्षा गरेर होइन, सम्बोधन गरेर जानसकेमात्र हामी सफल हुन्छौं भन्ने कुरा सबै राजनीतिक दलले मनन गर्न जरुरी छ ।

मुलुकमा भ्रष्टाचार नियन्त्रण भएर सुशासन कायम हुने, बेरोजगारी अन्त्य हुने तथा सेवा प्रवाहमा सहजीकरण हुने हो भने नागरिक आफैं यो व्यवस्थाप्रति खुसी हुन्छन् । बेरोजगारीका कारण युवा विदेशिनुपरेको, बैंकको ऋण तिर्न नसकेर समस्यामा परेका उद्यमीको समस्यालगायत विभिन्न विषय उठाएर अहिले जसरी यो व्यवस्थामाथि नै प्रश्न गर्न थालिएको छ, ती समस्या समाधान गर्ने हो भने त प्रश्न पनि उठ्दैनन् । यी र यस्तै विषयलाई देखाएर व्यवस्था नै असफल भयो भन्ने नकारात्मक भाष्य निर्माण गर्न खोजिँदैछ, त्यसलाई सरकारले राम्रो काम गरेर चिर्दै जानुपर्छ । समाजमा नकारात्मकता फैलाएर होइन, सकारात्मक अपेक्षासहित काम गर्न सबै दल जुट्नुपर्छ । विद्यमान संविधानले निर्दिष्ट गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई थप मजबुत र सुदृढ बनाउँदै जानु प्रमुख राजनीतिक दलको दायित्व र जिम्मेवारी हो ।

# ‘कार्यान्वयन हुने योजना मात्रै पञ्चवर्षीय योजनामा समेट्छौँ’

दमौली । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले कार्यान्वयन गर्न सकिने योजनालाई मात्रै पञ्चवर्षीय योजनामा समेटिने बताएका छन् ।

गण्डकी प्रदेश नीति तथा योजना आयोगले शनिबार तनहुँको बन्दीपुर गाउँपालिका-५ मा आयोजना गरेको दोस्रो पञ्चवर्षीय योजनासम्बन्धी अन्तर्क्रियामा मुख्यमन्त्री पाण्डेले कार्यान्वयन गर्न सकिने योजनालाई मात्रै समेट्न सके त्यो प्रभावकारी हुने उल्लेख गरे ।

मुख्यमन्त्री पाण्डेले गाउँबाट सहरतर्फ बसाइँसराइको क्रम बढेकाले गाउँबाट हुने जनशक्ति पलायन रोक्ने नीति पहिलो प्राथमिकतामा रहने बताए । उनले शिक्षा, स्वास्थ्य, रोजगारीलाई पनि प्राथमिकताका साथ पञ्चवर्षीय योजनामा समेट्ने



उल्लेख गरे ।

सो अवसरमा गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जितप्रकाश आलेले समग्र गण्डकी प्रदेशको हित हुनेगरी योजना बनाइने दाबी गरे । त्यस अवसरमा तनहुँ निर्वाचन क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य डा स्वर्णिम वाग्ले, निर्वाचन क्षेत्र नं २ का प्रतिनिधिसभा शङ्कर भण्डारी, राष्ट्रियसभा सदस्य भगवती न्यौपाने, सुरेश आलेमगर, तनहुँ क्षेत्र नं १ प्रदेशसभा (१) का सदस्य अशोककुमार श्रेष्ठ, तनहुँ क्षेत्र नं १ प्रदेशसभा (२) का सदस्य हरिबहादुर चुमान, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले पञ्चवर्षीय योजनामा समेट्नुपर्ने विविध विषयमा सुझाव दिएका थिए ।

आत्मनिर्भर र समुन्नत प्रदेश सम्मानित प्रदेशवासी भन्ने सोच र उत्पादकत्व वृद्धि, सामाजिक न्याय र समुन्नति हासिल गर्ने लक्ष्यका साथ दोस्रो पञ्चवर्षीय योजना बनाउन लागिएको र त्यसमा सुझाव लिन अन्तर्क्रिया गरिएको आयोगका उपाध्यक्ष डा कृष्णचन्द्र देवकोटाले बताए ।

पञ्चवर्षीय योजनाको अवधारणापत्र तयार भएको र त्यसमा प्रदेशको अर्थतन्त्रको सुदृढीकरण, वित्तीय स्रोत पहिचान र व्यवस्थापन, सामाजिक सुरक्षा, समावेशीकरण, श्रम रोजगारी, उत्पादन तथा गरिबी न्यूनीकरणलगायत क्षेत्र समेटिएको उनले जानकारी दिए ।रासस

# देशले परिवर्तनको आवाज खोजेको लामिछानेको भनाई

**टुडे समाचारदाता**

रामपुर । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले मुलुकले परिवर्तनको आवाज खोजेको र नेपाली जनताले साथ दिए मात्रै परिवर्तन सम्भव रहेको बताएका छन् ।

आज पाल्पाको रामपुर नगरपालिकामा भएको पाल्पा खुला सभालाई सम्बोधन गदै पूर्वगृहमन्त्रीसमेत रहेका सभापति लामिछानेले जुनसुकै मुद्दा लागे पनि अन्याय र अत्याचारविरुद्ध राष्ट्रिय स्वतन्त्र पार्टी लडिरहने बताए ।



“नेपाली जनताले हार्नु भएन, आँट गरेपछि निश्चित गन्तव्यमा पुग्नुपर्छ, मत परिवर्तन गरिएन भने देश परिवर्तन हुँदैन, विभेदको अन्त्यका लागि सधैँ लड्नेछौँ”, उनले भने ।

सो अवसरमा सोही पार्टीका सांसद सुमना श्रेष्ठले राष्ट्रिय स्वतन्त्र पार्टी सबैको साझा पार्टी भएकाले जनताका मुद्दा, समस्यालाई संसद्मा उठाउँदै आइरहेको बताए ।

# सङ्गठन सुदृढीकरणमा नेता सिंहको जोड

**टुडे समाचारदाता**

पाटन । पूर्वउपप्रधानमन्त्री तथा नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले राजनीतिमा विश्वसनीयता महत्वपूर्ण हुने बताएका छन् ।

नेपाली कांग्रेस ललितपुर क्षेत्र नं ३ को प्रदेश (ख) क्षेत्रीय कार्यसमितिद्वारा शनिबार आयोजित ‘सङ्गठन शुद्धीकरणका लागि परिकल्पना’ विषयक प्रशिक्षण कार्यक्रममा नेता सिंहले ‘राजनीतिमा खोला तरेपछि लौरो बिर्सने प्रवृत्ति हुनुहुँदैन’ भने ।

संविधानसभाबाट संविधान जारी भएपछिको निर्वाचनमा कम्युनिष्ट पार्टीहरु सरकारमा सामेल भएका तर उनीहरुले स्थानीय सरकारलाई सुदृढ बनाउनुको सट्टा सत्ताको खिचातानीमा लागेर



अहिलेको अवस्था सृजना भएको बताए । “तीनवटै तहका सरकारलाई बलियो बनाउनुपर्नेमा उनीहरु संसद् भङ्ग गर्नेतिर लागे”, नेपाली कांग्रेसको नेतृत्वमा जारी भएको संविधानलाई जोगाउन पार्टी क्रियाशील हुनुपर्नेमा जोड दिँदै उनले भने ।

बागमती प्रदेशका उपसभापति तथा संविधानसभा सदस्य चन्द्र महर्जनले अनुशासित भएर प्रशिक्षणमा सहभागी हुन कार्यकर्तालाई निर्देशन दिँदै टोल समितिसम्म कार्यकर्तालाई सक्रिय रहन अनुरोध गरे । उनले कार्यकर्तालाई देशको संविधान र पार्टीको विधान अध्ययन गर्न सुझाव दिए ।

ललितपुर जिल्ला सभापति जितेन्द्रकुमार श्रेष्ठले प्रशिक्षणले आगामी दिनमा सफल नेतृत्व स्थापित गर्ने बताउँदै सङ्गठन बिना पार्टी सुदृढीकरणको परिकल्पना गर्न सकिँदैन भने ।

# निजामती सेवा ऐन तत्काल कार्यान्वयन गर्नुपर्ने ज्ञवालीको भनाई

**टुडे समाचारदाता**

पर्वत । नेकपा (एमाले)का उपमहासचिव प्रदीप ज्ञवालीले सङ्घीय निजामती सेवा ऐन पारित गरेर तत्काल कार्यान्वयनमा ल्याउन माग गरेका छन् ।

नेपाल निजामती कर्मचारी सङ्गठन पर्वतको जिल्ला परिषद् तथा प्रशिक्षण कार्यक्रमलाई शनिबार पर्यटकीय गाउँ भुकदेउरालीमा सम्बोधन गर्दै नेता ज्ञवालीले निजामती ऐन कार्यान्वयनमा नल्याउँदा प्रशासनिक क्षेत्रमा समस्या पैदा हुँदै गएको धारणा राखे । उनले सरकारले तत्काल सदनमा लगेर निजामती ऐन पारित गराउनुपर्नेमा जोड दिए ।

उनले निजामती सेवा तथा शिक्षा ऐनलगायतका विधेयक पारित नहुँदा सङ्घीयता कार्यान्वयनमा समस्या भएको बताए । “आम कर्मचारीको मनोबल बढाउनका लागि पनि तत्काल यो पारित गरेर कार्यान्वयनमा ल्याउनुपर्छ”, उनले भने ।

संविधान जारी भएको आठ वर्ष बितिसक्दा पनि नयाँ संविधानअनुरूप सङ्घीयता कार्यान्वयनसम्बन्धी कानुन निर्माण हुन नसक्नु आश्चर्यको विषय भएको उनको भनाइ थियो ।

पूर्वमन्त्रीसमेत रहेका ज्ञवालीले आसन्न राष्ट्रियसभा निर्वाचनमा एमालेले सबै पदमा उम्मेवार उठाउने बताए । राष्ट्रियसभा निर्वाचनमा एमालेसँग सहकार्य गर्न खोजिएको बताउँदै कसैको विश्वासमा लागेर एमालेले कुनै सहमति र सम्झौता नगर्ने दाबी गरे ।

# ‘हेटौँडाको सडक विस्तारमा सहयोग गर्न आग्रह’

**टुडे समाचारदाता**

मनहरी । बागमती प्रदेश मुख्यमन्त्री शालिकराम जम्कट्टेलले हेटौँडा बजार क्षेत्रका सडक विस्तारमा सहयोग गर्न आग्रह गरेका छन् ।




मकवानपुर उद्योग वाणिज्य सङ्घको ५७औँ वार्षिक साधारणसभामा मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारको अधिकारभित्र नपरे पनि प्रदेश राजधानी क्षेत्रका सडक विस्तार गर्नुपर्नेमा जोड दिए ।

आफूले व्यवसायीको मर्का र समस्यालाई नजिकबाट बुझेको उल्लेख गर्दै मुख्यमन्त्रीले विकास सम्भव छ, यही सरकारबाट विकासले तीव्रगति लिने बताए । प्रदेशभित्रका ठूला उद्योग र औद्योगिक क्षेत्र प्रदेश मातहत ल्याउन नसक्नुको कारण जग्गा, विद्युत्, राजस्व सङ्घीय सरकार मातहत रहनु हो भन्दै उनले प्रदेश सरकार १० ठाउँमा उद्योग ग्राम र कोसेलीघर निर्माणको तयारी रहेको बताए ।

प्रदेश सरकारलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने लक्ष्यमा उद्योग वाणिज्य सङ्घको पनि सहयोग आवश्यक पर्ने बताउँदै मुख्यमन्त्री जम्कट्टेलले उत्पादन र व्यवसायको मोडल परिवर्तन गर्नुपर्नेमा जोड दिए । उनले सरकार र निजी क्षेत्रबाट कृषि, पर्यटनपछि व्यापार-व्यवसाय वृद्धि गर्न युवा जनशक्तिलाई प्रयोग गर्न आग्रह गरे ।

# गाजामा युद्ध अन्त्य गर्ने आह्वान

**एएफपी**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घका मानवीय मामिलासम्बन्धी उपमहासचिव मार्टिन ग्रिफिथ्सले गाजामा जारी युद्ध अन्त्य गर्न आह्वान गर्नुभएको छ ।

अक्टोबर ७ मा प्यालेष्टिनी कट्टरपन्थी इस्लामिक समूह (हमास)ले इजरायलको दक्षिणी सिमानामा गरेको भयानक आक्रमणको तीन महिनासम्म पनि गाजा मृत्यु र निराशाको थलो बनेको उहाँले शुक्रबार बताउनुभएको हो ।



उहाँले भन्नुभयो, “हामी गाजाका जनता र यसका खतरामा परेका छिमेकीहरूका लागि मात्र होइन, तर भावी पुस्ताका लागि पनि युद्धको तत्काल अन्त्यको माग गर्दछौं । युद्धले यी ९० दिनको कहालिलाग्दो हिंसा र मानवतासम्बन्धी सबैभन्दा आधारभूत नियमहरूमाथिको आक्रमणलाई कहिल्यै बिर्सने छैनन् ।”

“यो समय युद्धरत पक्षहरूले नागरिकहरूको सुरक्षा र आधारभूत आवश्यकताहरू पूरा गर्न र सबै बन्धकहरूलाई तुरुन्तै रिहा गर्ने अन्तर्राष्ट्रिय कानून अन्तर्गत आफ्ना सबै दायित्वहरू पूरा गर्ने समय हो,” उहाँले भन्नुभयो ।अन्तर ाष्ट्रिय समुदायले आफ्नो सम्पूर्ण प्रभाव प्रयोग गरेर युद्धरत पक्षलाई युद्धविराम गर्नका लागि दवाव दिने वेला आएको छ ।

युद्धभएको करिब तीन महिना बितिसक्दा पनि गाजाको मानवीय अवस्था दयनीय छ । अधिकांश महिला र बालबालिकाहरूसहित करिब २३ हजार मानिस मारिएका छन्, दशौं हजार व्यक्ति घाइते भएका छन् भने लाखौं व्यक्ति यद्धका कारण विस्थापित र प्रभावित भएका छन् ।

तापक्रम घटेसँगै विस्थापित परिवारहरु खुला ठाउँमा सुतिरहेका छन् । सर्वसाधारणलाई आफ्नो सुरक्षाका लागि अन्यत्र सार्न भनिएको क्षेत्रमा बमबारी भएको छ । चिकित्सा संस्थाहरू निरन्तर आक्रमणमा परेका छन् । आंशिक रूपमा सञ्चालनमा रहेका केही अस्पतालहरू ट्रमाका बिरामीहरूले भरिएका छन्, सबै आपूर्तिहरूको गम्भीर अभाव छ, र सुरक्षाको खोजीमा मानिसहरूल हताश बनेका छन् । जनस्वास्थ्यमा विपत्ति आइपरेको छ। भीडभाड हुने आश्रयस्थलहरूमा ढलहरू बग्दै जाँदा सङ्क्रामक रोगहरू फैलिरहेका छन् । यो अस्तव्यस्तताका बीच दैनिक करिब १८० प्यालेस्टिनी महिलाले बच्चा जन्माइरहेका छन् ।

मानिसहरूले अहिलेसम्मकै उच्च स्तरको खाद्य असुरक्षाको सामना गरिरहेका छन् । भोकमरीको जोखिम नजिकिएको छ ।

विशेष गरी बच्चाहरूको लागि, विगत १२ हप्ताहरू निकै दर्दनाक बनेका छन् । उनीहरूका लागि कुनै खाना छैन । पानी छैन । विद्यालय छैन ।उहाँले भन्नुभयो, “युद्धको डरलाग्दो आवाजबाहेक दिनदिनै अरू केही सुनिँदैन”, ग्रिफिथ्सले भन्नुभयो, “त्यहाँका मानिसहरूले आफ्नो अस्तित्वका लागि दिनहुँ खतराहरू देखिरहेका छन् र संसारले हेरिरहेको छ ।”

# महिला फुटबलप्रति आकर्षित

**टुडे समाचारदाता**

गलेश्वर । म्याग्दीको मालिका गाउँपालिका-६ की रोशनी पुन केवी एकेडेमीको मैदानमा फुटबल खेल्दै गरेको भेटिन्छन् । उनी जस्तै २० देखि ३० वर्ष हाराहारी उमेरका महिला बिहान र बेलुकीको फुर्सदको समयमा फुटबल खेल्ने गर्छन् । भौगोलिक विकटता भए पनि पश्चिम म्याग्दीको ग्रामीण क्षेत्रमा पछिल्लो समय महिला फुटबलको आकर्षण दिनप्रतिदिन बढ्दो छ ।



यही पुस पहिलो साता दरबाङमा सम्पन्न सातौं करवीर कप प्रतियोगिताको मुख्य आकर्षण नै महिला फुटबल बनेको स्थानीय अगुवा हिराबहादुर पुनले बताए । दरबाङस्थित पुरानो जनप्रिय खेलमैदान युवा पुस्ताका लागि ‘स्पोर्ट सेन्टर’ बनेको छ भने महिलाका लागि ‘रिफ्रेस सेन्टर’ बनेको छ । यो खेल मैदानमा बिहान र बेलुकी फुटबल खेल्ने महिला तथा पुरुषको जहिले पनि भीड लाग्ने गरेको स्थानीय खेल प्रशिक्षक तेन्जिङ लामाले बताए ।

खुला ठाउँको अभावले गर्दा शारीरिक व्यायाम गर्नबाट बञ्चित बनेका बालबालिकादेखि युवापुस्ताका लागि जनप्रियको पुरानो खेलमैदान र केवि एकेडेमीको खेलमैदान उपयुक्त स्थान बनेका उनको भनाइ छ । त्यसैगरी मालिका, मङ्गला र धवलागिरि गाउँपालिकाका महिला पनि पछिल्लो समय फुटबल खेलप्रति आकर्षित भएका छन् । “सहरका महिला जिम जाने, बिहानी हिंडाइ गर्ने गर्दछन् भने हामी गाउँका महिला कामबाट फुर्सद मिलेको समय मैदानमा भेला भएर फुटबल खेलेर रमाइलो गर्ने गर्दछौं”, मालिका-२ की ललिता विकले भने ।

हिउँदका छ महिना जिल्लाका ग्रामीण भेग मेला र पर्वमय हुने गर्दछन् । विद्यालय, युवा क्लब, आमा समूह, स्थानीय निकायलगायत विभिन्न सङ्घसंस्थाले आयोजना गर्ने यस्ता मेला तथा पर्वमा स्थानीय महिलाको सहभागिता र उपस्थिति पुरुषको तुलनामा बढी हुने गर्दछ । यस्तै मेला पर्वको अवसरमा यहाँका महिला पनि विभिन्न खेलकुद प्रतियोगितामा सहभागिता जनाउँदै प्रतिस्पर्धा गर्ने गरेका धवलागिरि युवा नगेन्द्र मल्लले बताए ।

“दरबाङका` केवी एकेडेमीमा आयोजित महिला फुटबल प्रतियोगिता हेर्न लायकको थियो”, उनले भने, “फुटबलप्रति महिलाको आकर्षण कति रहेछ भन्ने बुझ्न त्यही एउटा प्रतियोगिता नै काफी छ, यस्तै प्रतियोगिता पश्चिम म्याग्दीका अरू ठाउँमा पनि हुने गरेका छन्, ती ठाउँमा पनि फुटबलप्रेमी महिलाको संख्या बाक्लो देखिन्छ ।”

जिल्ला फुटबल सङ्घ म्याग्दीका अध्यक्ष कुमार बानियाँले पछिल्लो समय खेलकुद र त्यसमा पनि फुटबल तथा भलिबलप्रति म्याग्दीका ग्रामीण महिला निकै आकर्षित भएका बताए । “घरको कामबाट फुर्सद निकालेर महिला मैदानसम्म आई फुटबल खेल्ने गरेका छन्”, उनले भने, “यो राम्रो पक्ष हो, एकातिर शारिरिक तन्दुरुस्ती कायम गर्न सघाउ पुग्छ भने अर्कोतिर अनावश्यक कुरामा ध्यान पनि जाँदैन ।”

**फुटबलभन्दा फुटसल सजिलो**

यहाँका महिलाले फुटबलभन्दा फुटसल खेलमा बढी रुचि देखाउन थालेका छन् । “फुटबल पहिलाबाटै खेल्दै आएको हो, तर हामीलाई फुटबलभन्दा फुटसल निकै सजिलो लाग्ने गर्छ”, फुटबल खेलाडी मनिका रोकाले भने, “फुटसल र फुटबल एकै प्रकृतिका खेल भए पनि यसको नियम र खेल्न तरिका फरक छन्, फुटबलमा ११ खेलाडी उत्रन्छन्, फुटसलमा पाँच खेलाडी भिड्छन्, फुटबल खेल ४५-४५ मिनेटको दुई हाफमा विभाजन गरी ९० मिनेट खेलाइन्छ, फुटसल २०-२० मिनेट गरी दुई हाफमा ४० मिनेट खेलिन्छ, त्यसैले हामीलाई यही सजिलो हुन्छ ।”

# उडानका क्रममा विमानको झ्याल फुटेपछि आपतकालीन अवतरण

**एएफपी**

वासिङ्टन । अमेरिकाको ओरेगन राज्यमा १७७ जना यात्रु बोकेको अलास्का एयरलाइन्सको विमानलाई शुक्रबार आपतकालीन अवतरण गराइएको छ ।

‘फ्लाइट १२८२’ को विमान पोर्टल्याण्ड अन्तर्राष्ट्रिय विमानस्थलबाट स्थानीय समयअनुसार साँझ ५:०० बजे उडेको र विमानमा ‘चालक दलले चापको समस्या भएको रिपोर्ट गरेपछि’ सुरक्षित रूपमा फर्काइएको थियो,” सङ्घीय उड्डयन प्रशासनले एक्स (ट्वीटरमा)मा लेखेको छ ।



सामाजिक सञ्जालमा पोस्ट गरिएका तस्बिरमा विमानको झ्यालको शिशा फुटेको र छतमा इमर्जेन्सी अक्सिजन मास्क झुण्डिएको देखिएको छ ।विमानमा सवार यात्रु काइल रिङ्करले सिएनएनलाई बताएअनुसार उडान भरेको केही बेरमै झ्याल फुटेको थियो ।

“यो वास्तवमा अचानक थियो । झ्याल भर्खरै बन्द भएको र विमान भर्खर उचाईमा पुगेको थियो । अक्सिजन मास्क बन्द नभएसम्म यसलाई महशुस गरिएन,” उहाँले सीएनएनसँग भन्नुभयो । अर्का यात्रु भि गुयेनले न्युयोर्क टाइम्सलाई बताएअनुसार उडानका क्रममा आएको चर्को आवाजले उहाँलाई ब्यूँझाएको थियो ।

“मैले आँखा खोल्दा सबैभन्दा पहिले मेरो अगाडि अक्सिजन मास्क देखेँ”, गुयेनले न्युयोर्क टाइम्ससँग भन्नुभयो, “त्यसपछि मैले बायाँतिर हेर्दा विमानको झ्यालको शिशा थिएन ।” “जव मैले घटनालाई नजिकबाट देखेँ, पहिलो कुरा त मैले सोचें, ‘म मृत्युको मुखमा जाँदैछु’,” उहाँले थप्नुभयो ।

राष्ट्रिय यातायात सुरक्षा बोर्ड, एफएए र अलास्का एयरलाइन्सले घटनाको अनुसन्धान गरिरहेको बताउनुभएको छ । “छ जना चालक दलका सदस्यसहित १७१ जना यात्रु लिएर विमान पोर्टल्याण्ड अन्तर्राष्ट्रिय विमानस्थलमा सकुशल अवतरण गरेको छ,” एयरलाइन्सले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

“यस प्रकारको घटना विरलै हुने भए तापनि हाम्रो विमानका चालक दललाई तालिम दिइएको थियो र स्थितिलाई सुरक्षित रूपमा व्यवस्थापन गर्न तयार पारिएको थियो,” विज्ञप्तिमा भनिएको छ ।बोइङ ७३७ म्याक्स ९ विमानले क्यालिफोर्नियाको ओन्टारियोका लागि साँझ ५:०७ बजे उडान भरेको थियो भने करिब २० मिनेटपछि विमानस्थलमा फर्किएको ‘फ्लाइट ट्र्याकिङ वेबसाइट (फ्लाइटअवेयर)’ले जनाएको छ ।

फ्लाइटअवेयरका अनुसार यसलाई अक्टोबरमा एयरवर्थी प्रमाणित गरिएको थियो। बोइङले थप जानकारी सङ्कलन भइरहेको र प्राविधिक टोली अनुसन्धानका लागि सहयोग गर्न तयार गरिएको छ ।

# बङ्गलादेशमा विपक्षी दलद्वारा आमहड्तालको घोषणा

**एएनआइ**

ढाका । बङ्गलादेशमा आगामी जनवरी ७ मा हुने आम निर्वाचनको पूर्वसन्ध्यामा प्रमुख विपक्षी दल बङ्गलादेश नेशनलिस्ट पार्टी (बीएनपी)ले प्रधानमन्त्री शेख हसिनाको ‘ अवैध सरकार’को राजीनामाको माग गर्दै शनिबारदेखि ४८ घण्टे देशव्यापी ‘आमहड्ताल’ को आह्वान गरेको छ ।

पूर्वप्रधानमन्त्री खालिदा जियाको नेतृत्वको बीएनपीले आइतबार हुने आमनिर्वाचन बहिष्कार गर्ने निर्णय गरेको छ । पार्टीले निर्वाचनको पर्यवेक्षणका लागि अन्तरिम गैर-दलीय तटस्थ सरकार गठनको वकालत गरिरहेको छ, जुन मागलाई प्रधानमन्त्री हसिना नेतृत्वको सरकारले अस्वीकार गरेको छ ।

ढाका ट्रिब्युनका अनुसार शनिबार बीएनपीले देशभर जुलुस निकाल्ने, जनअभियान चलाउने र ‘प्रतिपक्षीहरूलाई बाहिर राखी गरिन लाएको’ निर्वाचनको विरोधमा पर्चा वितरण गर्नेछ ।

हडतालको दोस्रो दिन आइतबार हुने निर्वाचनले यस पहिले नै विश्वव्यापीरूपमा ध्यान आकर्षण गरिसकेको छ । बिएनपीका संयुक्त वरिष्ठ महासचिव रुहुल कबिर रिजवीले बिहीबार दिउँसो भर्चुअलमाध्यममार्फत गरेको पत्रकार सम्मेलनमा राष्ट्रव्यापी हडतालको घोषणा गर्नुभएको थियो ।

उहाँका अनुसार शनिबार बिहान ६ बजेदेखि सुरु हुने हडताल सोमबार बिहान ६ बजेसम्म चल्नेछ । यसैबीच, बिएनपीले घोषणा गरेको आन्दोलनप्रति बङ्गलादेशका अन्य केही प्रमुख विपक्षी दलले पनि प्रतिवद्धता जनाएका छन् ।

बिएनपीले सरकारको राजीनामा, अक्टोबरको अन्त्यदेखि पक्राउ परेका आफ्ना नेता तथा कार्यकर्ताको रिहाई र पार्टी प्रमुख खालिदा जियाको बिनाशर्त रिहाइको माग गरेको छ । रिजवीको घोषणालगत्तै लिबरल डेमोक्र्याटिक पार्टीले पनि शनिबार बिहान ६ बजेदेखि ४८ घण्टा हडताल गर्ने बताएको ढाका ट्रिब्यूनले जनाएको छ ।

बीएनपी र सरकारविद्धको आन्दोलनमा समान धारणा राख्ने दलहरूले अक्टोबर २९ देखि गरेको यो पाँचौं हडताल हो । विपक्षी दलहरूले यस अवधिमा १२ चरणमा २३ दिनसम्म देशव्यापी विरोधका कार्यक्रम गरेका छन् ।

# उत्तरी इथियोपियामा खडेरीका कारण १८ लाख मानिस प्रभावित

**सिन्ह्वा**

अदिसअबाबा।इथियोपियाको उत्तरी क्षेत्र अम्हारामा खडेरीका कारण १८ लाखभन्दा बढी मानिस प्रभावित भएको इथियोपियाली अधिकारीले शुक्रबार बताएका छन् ।



अम्हारा क्षेत्र विपद् रोकथाम तथा खाद्य सुरक्षा आयोगका आयुक्त टेस्फाउ बाटाबलका अनुसार खडेरीका कारण कृषि उत्पादनमा व्यापक क्षति पुगेको र मुलुकका नौ क्षेत्रका १८ लाख ४६ हजार ९८५ जना प्रभावित भएका छन् ।

खडेरीका कारण अम्हारा क्षेत्रका जनावर र मानिस दुवै भोकमरीमापरेकाछन्।इथियोपियाली सञ्चारमाध्यमहरूले बेटबेललाई उद्धृत गर्दै लेखेका छन्, “खडेरीका कारण भएको क्षति लाई कम गर्न अम्हारा क्षेत्र प्रशासनले प्रभावितहरूको सहयोगका लागि करिब ७७ लाख अमेरिकी डलर छुट्याएको छ ।” गत शनिबार इथियोपियाका सञ्चारमन्त्री लेजेस टुलुले इथियोपियाका विभिन्न क्षेत्रमा खडेरीका कारण ३८ लाख मानिस प्रभावित भएको बताउनु भएको थियो ।

संयुक्त राष्ट्रसङ्घीय बालकोषको शनिबार सार्वजनिक प्रतिवेदनमा इथियोपियामा जलवायु परिवर्तनको प्रभावका कारण मानवीय अवस्था झनै बिग्रिएको उल्लेख गरिएको छ ।

# युक्रेनले क्रिमियाको साकी एयरफिल्डमा आक्रमण गरेको पुष्टि

**सिन्ह्वा**

किभ । युक्रेनी सेनाले क्रिमियाली शहर साकी नजिकै रहेको सैन्य हवाई अड्डामा मिसाइल आक्रमण गरेको पुष्टि भएको छ । युक्रेनी वायुसेनाका कमाण्डर माइकोला ओलेस्चुकलाई उद्धृत गर्दै युक्रेनिस्का प्राभदा मिडिया आउटलेटले सो घटना बारे शनिबार उल्लेख गरेको छ।

क्राइमियामा रहेको रुसी कमाण्ड पोष्टमा आक्रमण भएको ओलेस्चुकले बताउनु भएको छ ।

शुक्रबार स्थानीय मिडियाले क्राइमियाको साकी र येभपेटोरिया क्षेत्रमा विस्फोटको आवाज सुनिएको बताएका छन्। सम्भावित जोखिमका कारण क्रिमियन पुलमा यातायात अस्थायी रूपमा रोकिएको थियो।

साकी एयरफिल्ड ४३ औं स्वतन्त्र नौसेना आक्रमण एभिएसन रेजिमेन्टको आवास क्षेत्र हो।

# अस्ट्रेलियामा माइक्रोलाइट विमान दुर्घटनामा पाइलटको मृत्यु

**सिन्ह्वा**

सिड्नी । पश्चिमी अस्ट्रेलियाको व्हिटबेल्ट क्षेत्रमा माइक्रोलाइट विमान दुर्घटना हुँदा ६९ वर्षीय पाइलटको मृत्यु भएको छ । पश्चिमी अष्ट्रेलियाको प्रहरी बलले शनिबार जनाए अनुसार (स्थानीय समय) बिहान ११ बजेपछि सो दुर्घटना भएको हो ।

पाइलटलाई गम्भीर चोट लागेको र घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटना बारे अनुसन्धान जारी छ ।

# रेलमा आगजनी गरेको आरोपमा सात जना पक्राउ

**एएफपी**

ढाका । बङ्गलादेशको प्रहरीले खचाखच भरिएको रेलमा आगजनी गरेको आरोपमा विपक्षी दलका सात सदस्यलाई शनिबार पक्राउ गरेको छ ।

शुक्रबार राति ढाकाको मध्य भागमा रहेको ‘इन्टरसिटी बेनापोल एक्सप्रेस’ रेलमा भएको आगलागीमा सयौंको संख्यामा यात्रुलाई जलिरहेको गाडीबाट बाहिर निकाल्न हम्मेहम्मे परेको थियो ।

विपक्षी बङ्गलादेश नेसनलिस्ट पार्टी (बीएनपी) ले आइतबार हुने राष्ट्रिय निर्वाचनको पूर्वसन्ध्यामा गरेको ‘विध्वंसकारी कार्य’ मा सम्लग्न बीएनपीका वरिष्ठ नेता नबीउल्लाह नाबी र पार्टीका अन्य छ जना कार्यकर्तालाई शनिबार बिहान राजधानीबाट पक्राउ गरेको प्रहरीले जनाएको छ ।ढाका महानगरीय प्रहरीका प्रवक्ता फारुक हुसेनले एएफपीसँग फोनमा भन्नुभयो, “नाबीले ‘बीएनपीको हिंसात्मक आन्दोलन’मा आर्थिक सहयोग गर्नुभएको थियो ।

बीएनपी र अन्य दर्जनौं विपक्षी दलले आइतबारको मतदान बहिष्कार गरिरहेका छन्, जसलाई उनीहरूले लामो समयसम्म प्रधानमन्त्री रहेकी शेख हसिनाको शासनलाई कुण्ठित गर्न योजना गरिएको ‘ढोङ’ भएको बताउनुभएको छ । सो पार्टीले आगलागीको जिम्मेवारी लिएको भन्ने आरोपको खण्डन गर्दै घटनाको अन्तर्राष्ट्रिय छानबिनको माग गरेको छ ।

पार्टीका प्रवक्ता एकेएम वाहिदुज्जमानले एएफपीसँग भन्नुभयो, “बीएनपीको अहिंसात्मक आन्दोलनलाईबदनाम गर्नेउद्देश्यलेसरकारी पदाधिकारीहरूले गरेको यो पूर्वनियोजित विध्वंसात्मक कार्य हो ।”“हाम्रो पार्टीका प्रमुख तारिक रहमानले सरकारले निर्वाचनबाट जनताको ध्यान अन्यत्र मोड्न यस्तो षडयन्त्र गरेको हुनसक्ने बताउनुभएको छ ।”

ढाका अस्पतालका वरिष्ठ अधिकारी सामन्तलाल सेनका अनुसार आगलागीमा परी पाँच जनाको मृत्यु भएको छ भने आठ जना गम्भीर घाइते भएका छन् ।बङ्गलादेशका विदेशमन्त्री एके अब्दुल मोमेनले रेलमा भएको आगलागीलाई ‘मानवताविरुद्धको अक्षम्य अपराध’ भन्नुभएको छ ।

“यो त्रासदीको समय लोकतान्त्रिक प्रक्रियाको उत्कृष्ट उत्सव निर्वाचन र सुरक्षामा बाधा पुऱ्याउने पूर्ण मनसाय देखाउँछ,” उहाँले भन्नुभयो । प्रमुख विपक्षी दलसहितका प्रभावशाली केही दलहरूले भाग नलिएको आइतबारको मतदानमा ७६ वर्षीया वर्तमान् प्रधानमन्त्री हसिना लगातार पाँचौं कार्यकालका लागि निर्वाचित हुने निश्चित भएको पर्यवेक्षकहरूले बताएका छन् ।

विपक्षी दलहरूले गत वर्ष निर्वाचनको पर्यवेक्षण गर्न र देशको अखण्डता सुनिश्चित गर्न तटस्थ कामचलाउ सरकारको पक्षमा हसिनाको राजीनामाको माग गर्दै शृ¤ लाबद्ध विरोध प्रदर्शन गर्दै आएका छन् । आइतबार हुने मतदानका लागि भएको निर्वाचन अभियानको क्रममा भएका हिंसामा परी शनिबार अपरान्ह्सम्म कम्तीमा १५ जनाको मृत्यु भइसकेको छ ।

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको संख्या एकसयभन्दा बढी पुग्यो

**सिन्ह्वा**

टोकियो । जापानको इशिकावा प्रान्तमा गत सोमबार गएको ७.६ म्याग्निच्युडको भूकम्पका कारण मृत्यु हुनेको संख्या बढेर १०० पुगेको छ । भूकम्पमा परी इशिकावामा शनिबारसम्म २११ जना बेपत्ता भएको स्थानीय सञ्चारमाध्यमले स्थानीय अधिकारीहरूलाई उद्धृत गर्दै रिपोर्ट गरेका छन् ।



यसैवीच भूकम्पमा परी मृत्यु हुनेको संख्या ११० तथा बेपत्ता हुनेको स¤ ्या २१० पुगेको एएफपीले जनाएको छ ।

भूकम्पबाट सबैभन्दा धेरै प्रभावित तटीय शहर वाजिमामा ५९ जनाको मृत्युको पुष्टि भएको छ । भवन भत्किँदा वाजिमामा करिब १०० व्यक्ति फसेको अपुष्ट विवरणहरू आइरहेका छन् । जापान मौसम विज्ञानसम्बन्धी निकाय (जेएमए) ले स्थानीय समयअनुसार शनिबार बिहान ५:२५ बजे नोटो क्षेत्रमा पुन : ५.४ म्याग्निच्युडको भूकम्प गएको जनाएको छ । यस क्षेत्रमा शनिबार वर्षाको सम्भावना रहेकोले स्थानीय बासिन्दाहरूलाई सतर्क रहन चेतावनी दिइएको छ।

जापानको राष्ट्रिय समाचार संस्था (क्योदो) का अनुसार भूकम्पका कारण इशिकावाका पूर्वाधारमा ठूलो क्षति पुगेको छ । स्थानीय समयअनुसार शनिबारसम्म २४ हजार घरधुरीले विद्युत अवरोधको सामाना गर्नुपरेको छ। १४ वटा सहरका ६६ हजार घरधुरी खानेपनी विहीनताको अवस्थामा छन् । वाजिमाबाट ३० किलोमिटर पूर्व-उत्तरपूर्वमा केन्द्रित भएको विनाशकारी भूकम्पको अधिकतम तीव्रता ७ रेक्टर रहेको थियो ।

# अर्थतन्त्रमा सुधार हुँदै गएको अर्थमन्त्रीको भनाई

**टुडे समाचारदाता**

चितवन । अर्थमन्त्री डा. प्रकाशशरण महतले अर्थतन्त्रमा सुधार हुँदै गएकाले उद्योग-व्यवसायमा लागेकाहरुले नकारात्मक सोचबाट मुक्त भएर अघि बढ्नुपर्ने बताएका छन् ।

चितवन उद्योग वाणिज्य सङ्घको ५७औं वार्षिक साधारणसभाको शनिबार उद्घाटन गर्दै




अर्थमन्त्रीले देशको अर्थतन्त्रमा क्रमशः सुधार हुँदै गएकाले उद्योगी-व्यवसायीले नकारात्मक सोचबाट मुक्त भई व्यवसाय गर्नुपर्नेमा जोड दिए ।

अर्थतन्त्रमा सुधार देखिन थालेपछि विदेशी लगानीकर्ता आउन थालेका बताउँदै उनले व्यवसाय गर्नेहरू सकारात्मक सोचका साथ अघि बढ्नुपर्छ भने । "उद्योगी व्यवसायी नै नकारनात्मक सोचका साथ हिँडेपछि कसरी अर्थतन्त्रमा सुधार हुन्छ ", उनले प्रश्न गरे ।

नियोजित किसिमले झुट्टा प्रचार हुँदा समाजमा नकारात्मक प्रभाव परेको उनले बताए ।

अर्थतन्त्रका समस्या पूर्णरूपमा समाधान नभए पनि विगतको तुलनामा अहिले केही सुधार हुँदै गएको उनको भनाइ थियो । उनले भने "अर्थतन्त्रमा दबाब छ, तर समस्या छैन । पूँजीगत खर्च बढाउनेतर्फ सरकार लागेको छ।"

सरकारले अनुत्पादक क्षेत्रको बजेट नियमन गर्न लागेको उनले बताए ।

बैंकहरुको लगानी शेयर बजार र जग्गामा धेरै हुँदा अहिले समस्या देखिएको भए पनि यसलाई खुकुलो गरिएको बताउँदै उनले भने "सबै लगानी अनुत्पादक क्षेत्रमा भएपछि राष्ट्र बैंकले कठोर मौद्रिक नीति बनायो जसका कारण समस्या आयो । अहिले यसलाई बिस्तारै खुकुलो बनाउँदै लगिएको छ।"

फरक प्रसङ्गमा अर्थमन्त्रीले निर्माण व्यवसायीलाई सरकारले माघअघि नै भुक्तानी दिने र माघपछि सबैको दायित्व पूरा गर्ने प्रतिबद्धता व्यक्त गरे । विप्रेषणको भरमा मात्र अर्थतन्त्र चलायमान नभएको बताउँदै उनले त्यसमा राजश्वको पनि योगदान रहेको बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सबै व्यवसायी सकारात्मक सोचका साथ लाग्न जरुरी रहेको बताए । उद्योगी-व्यवसायी र विद्युत् प्राधिकरणबीचको समस्या समाधानका लागि सरकारले विशेष प्रयास गर्नुपर्नेमा जोड दिए । अहिले अर्थतन्त्रमा देखिएको समस्या सहज भएपछि छोटो समयमा फड्को मार्न सक्नेगरी काम गर्नुपर्ने उनले बताए । अर्थतन्त्रलाई पुरानै लयमा फर्काउन निजी क्षेत्र र सरकारबीच वास्तविक सहकार्य हुनैपर्छ भने ।

उद्योग वाणिज्य सङ्घ चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री उत्तम जोशीले प्रदेश सरकार उद्योगी-व्यवसायीको पक्षमा रहेका बताए ।

त्यस अवसरमा आर्थिक पत्रकारिता पुरस्कारबाट आर्थिक अभियान दैनिकका चितवन संवाददाता सूर्यप्रसाद अधिकारीलाई सम्मानित गरिएको थियो । उनलाई नगद रु ५१ हजार सहित सम्मानित गरिएको हो ।

दुईवर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्दै साधारणसभा यही पुस २३ गते सम्पन्न हुनेछ । सङ्घको अध्यक्षमा वर्तमान वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ र उपाध्यक्ष शिरिष पन्तबीच प्रतिस्पर्धा हुँदैछ ।

# विद्युत् प्रणालीमा दुई हजार आठ सय मेगावाट बिजुली

**टुडे समाचारदाता**

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले हाल मुलुकको विद्युत् प्रणालीमा दुई हजार आठ सय ५२ मेगावाट बिजुली उपलब्ध रहेको बताएका छन् । नेपाल उद्योग व्यापार महासङ्घको दोस्रो साधारणसभाको शनिबार यहाँ उद्घाटन गर्दै उहाँले चालु आर्थिक वर्षको अन्त्यसम्ममा कूल जडित क्षमता तीन हजार पाँच सय मेगावाट पुग्ने बताए ।



ऊर्जामन्त्री बस्नेतले २०७२ पछि मुलुकको ऊर्जा क्षेत्रले अपेक्षित प्रगति गरेको बताउँदै पछिल्लो एक वर्षमा पाँच सय मेगावाट बिजुली थप भएको र आगामी तीन महिनामा पाँच सय मेगावाट विद्युत थपिने उनले जानकारी दिए ।

मन्त्री बस्नेतले ऊर्जा क्षेत्रमा थप प्रगति गर्न अझ मेहनत जरुरी रहेको उल्लेख गर्दै समस्याको जगमा नै समाधान खोज्न सकिने बताए । उनले बहकिएर मात्रै मुलुकको अर्थतन्त्रलाई सहि बाटोमा अगाडि बढाउन नसकिने धारणा राखे । उनले अर्थतन्त्रको दबाव चिर्दै राष्ट्रिय पुँजी निर्माण गर्न सरकार र व्यवसायी एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिए ।

"तथ्य तथ्याङ्कले भन्छ, मुलुक आर्थिक विकास र समृद्धिको दिशातर्फ अघि बढेको छ", ऊर्जामन्त्री बस्नेतले भने, "एक वर्षको निरन्तर मेहनतबाट अर्थतन्त्र सुधारको अवस्थामा छ । देश उन्नतितर्फ अघि बढिरहेकाले अब निरासाजनक नभइ उत्साहकासाथ अघि बढ्नुपर्छ ।"

कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' द्वारा व्यक्त महासङ्घको वार्षिक साधारण सभाको सफलताको शुभकामना सन्देश ऊर्जामन्त्री बस्नेतले सुनाएका थिए ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले सरकारले समस्याग्रस्त अर्थतन्त्रलाई सुधार्न उपयुक्त कदम चालेकाले मुलुकको अर्थतन्त्र गतिशील बन्दै गएको बताए । उनले यसलाई गतिशील बनाउन जलविद्युत, ऊर्जा, कृषिलगायत क्षेत्रमा लगानी अभिवृद्धि गर्दै आन्तरिक उत्पादन र रोजगारी बढाउनेतर्फ अग्रसर हुनुको विकल्प नरहेको बताए । आर्थिक समृद्धिका लागि उद्योग, व्यापार क्षेत्रको महत्वपूर्ण योगदान रहने भन्दै श्रेष्ठले राष्ट्रिय पुँजी निर्माण र औद्योगिक प्रवर्द्धनमा केन्द्रित हुन जरुरी भएको खाँचो औंल्याए ।

पूर्वमन्त्री टेकबहादुर बस्नेतले मुलुकको अर्थतन्त्रलाई सकारात्मक दिशामा अगाडि बढाउन सरकार, राजनीतिक दल र निजी क्षेत्रबीच प्रभावकारी समन्वय र सहकार्य जरुरी रहेको बताए । पूर्व मुख्यसचिव लिलामणि पौडेलले मुलुकले सामना गरिरहेको अर्थतन्त्रको दबावलाई नीतिगत र संरचनागत सुधार गर्न महासङ्घले सरकारलाई उपयुक्त सुझाव दिनुपर्ने बताए ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले सकारात्मक दिशामा रहेको अर्थतन्त्रलाई थप प्रभावकारी बनाउन सरकार र निजी क्षेत्रको साझेदारिता फराकिलो बनाएर लैजानुपर्नेमा जोड दिए ।

नेपाल राष्ट्रिय उद्योग व्यापार महासङ्घका अध्यक्ष नन्द बहादुर केसी, नेपाल घरेलु तथा साना उद्योग महासङ्घका उपाध्यक्ष मोहन कटुवाल, व्यवसायी कृष्णप्रसाद आचार्यले साना उद्योगको संरक्षण तथा प्रवर्द्धनमा सरकारले विशेष ध्यान दिनपर्ने बताए । महासङ्घका अध्यक्ष खिमलाल भण्डारीले अर्थतन्त्रको सुधारका लागि महासङ्घले सरकारलाई नीतिगत सुझाव प्रस्तुत गर्दै आएको बताए ।

# तरुल उत्सवको तयारी

**टुडे समाचारदाता**

झापा । झापाको बाहुनडाँगीमा स्थानीय बालीको संरक्षण र हात्तीबाट बचाउन सकिने बालीको विस्तार गर्ने उद्देश्यले 'दोस्रो मेचीनगर तरुल उत्सव' हुने भएको छ । आगामी माघ १ गते मेचीनगरमा तरुल उत्सव हुन लागेको हो ।

मेचीनगर नगरपालिका-४ का अध्यक्ष अर्जुन कार्कीले वडाले गत वर्षदेखि उत्सवको आयोजना गर्न थालेको बताए । परम्परागत रूपमा सबै समुदाय र भूगोलका नेपालीले खाने तरुलका विभिन्न प्रजाति उत्सवमा प्रदर्शनी गरिने उनले जानकारी दिए ।



"हाम्रा परम्परागत खानेकुरामा तरुलको ठूलो महत्व छ । मानव जातिले जङ्गली जीवनदेखि नै तरुल, गिठ्ठा र भ्याकुर खाएर सभ्यतालाई अघि बढाएका थिए", वडाध्यक्ष कार्कीले भने, "हामीले अर्ग्यानिक र ग्रामीण खानेकुराको संरक्षण र प्रचारमा सबैको ध्यान जाओस् भनेर उत्सवको आयोजना गरेका हौं ।" उनले कमल गाउँपालिका-२ समयगढका किसान कर्णबहादुर गुरुङले फलाएको एउटै १६ केजीको सिमल तरुल समेत प्रदर्शनमा राखिने जानकारी दिनुभयो ।

वडाध्यक्ष कार्कीका अनुसार उत्सवमा घर, वन, सिमल, सिठुनीलगायत विभिन्न प्रजातिका तरुल राखिने छन् ।

# आरुबोटमा सबस्टेसन निर्माण सुस्त

**टुडे समाचारदाता**

धुलिखेल । काभ्रेपलाञ्चोकको महाभारत गाउँपालिका-१ गोकुलेको आरुबोटमा निर्माणाधीन केन्द्रीय विद्युत् प्रसारण लाइनको सबस्टेसन सुस्त गतिमा भइरहेको छ । निर्माण व्यवसायीको लापर्बाहीका कारण सबस्टेसन निर्माणमा ढिलाइ भएको हो ।



निर्माणको जिम्मा पाएको मुख्य कम्पनीको सक्रियतामा काम नभई पेटी ठेकेदारमार्फत काम गरिएकाले निर्माणले गति लिन नसकेको वडा नं १ का वडाध्यक्ष कान्छामान जिम्बाले बताए । उनका अनुसार नेपाल विद्युत् प्राधिकरण, योजना तथा प्राविधिक सेवा विभागको आयोजनामा आवश्यक जग्गा खरिद गरी करिब साढे दुई वर्षअघि काम थालिए पनि जग्गाधनीको अवरोधका कारण एक वर्ष काम रोकिएको थियो ।

चाइनिज कम्पनीले निर्माणको ठेक्का पाएको जनाउँदै वडाध्यक्ष जिम्बाले पछिल्लो समय पेटी ठेकेदारमार्फत काम गराउँदा कामको प्रगति हुन नसकेको बताए । ठेकेदारको निष्क्रियता, काममा लगाइएका मजदुरको पारिश्रमिक नदिनेलगायत गुनासो आउने गरेका उनको भनाइ थियो ।

गाउँपालिकाभित्र केन्द्रीय प्रसारण लाइन विस्तार भएपछि दैनिकी सहज हुने स्थानीय बताउँछन् । स्थानीय बासिन्दा रिजन मगरले विद्युत् प्रसारण लाइन गाउँमा पुगेपछि पिलपिले उज्यालोमा जीवन गुजार्दै आएका नागरिकले उज्यालोमा दैनिकी चलाउन पाएको बताए । विकट भनेर चिनिएको गाउँमा बिजुली विस्तार भएपछि यहाँका नागरिकलाई मकै पिस्न र तेल पेल्न टाढा जानुपर्ने बाध्यता हटेको उहाँको भनाइ थियो । उनका अनुसार अहिले गाउँमा साना मिल सञ्चालन भएका छन् ।

गाउँपालिकाका अध्यक्ष कान्छालाल जिम्बाले प्रसारण लाइन विस्तारको काम अगाडि बढाएसँगै निर्माणाधीन सवस्टेशनको काममा भने ढिलाइ भइरहेको बताए । "कामलाई छिटो गति दिनका लागि पटकपटक ऊर्जामन्त्री र विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई काम ढिला भएको जानकारी गराउँदै छिटो काम गराउनका लागि आग्रह गर्दै आएका छौं", उनले भने, "निर्माण व्यवसायीका कारण नै कामले गति लिन सकेको छैन ।" ताकेता गरेपछि दुई/चार दिन काम गरेजस्तो गर्ने र अरू बेला चासो नदिने अवस्थाले काममा बाधा पुऱ्याइरहेको उनको भनाइ थियो ।

मुख्य ठेकेदार अहिलेसम्म निर्माणाधीन स्थलमा नपुगेको जनाउँदै पालिका अध्यक्ष जिम्बाले पेटी ठेकेदारमार्फत गरिने काममा पनि आधा दर्जनभन्दा बढी ठेकेदार फेरिँदा समस्या थपिएको बताउनुभयो । सुरुमा बाटोको समस्या देखाएर काम ढिलाइ गरेको भन्दै अहिले सहज हुँदा पनि तीव्रता दिन नसकेको उनले बताए ।

अध्यक्ष जिम्बाका अनुसार उक्त परियोजनाअन्तर्गत महाभारतको वडा नं ३, ४ र ५ का एक हजार र वडा नं ५ र ७ का एक हजार गरी दुई हजार घरधुरीका नागरिकले बत्ती उपभोग गरिसकेका छन् । बाँकी ठाउँमा काम भइरहेको उनले बताए । अहिले बलिरहेको प्रसारणले विद्युत् मात्रै उपभोग गर्न मिल्ने भएकाले साना तथा मझौला उद्योग सञ्चालनका लागि बढी क्षमताको प्रसारण लाइनका लागि सबस्टेसन निर्माण थालिएको विद्युत् प्राधिकरण काभ्रे वितरण केन्द्रले जनाएको छ ।

केन्द्रका प्रमुख अमृत अधिकारीले गाउँपालिकामा निर्माणाधीन सबस्टेसनको अवलोकन गर्ने क्रममा निर्माण स्थलमा कोही नभेटिएको जानकारी दिए । "निर्माण सम्पन्न भएर लाइन जोडिएपछि मात्रै आफ्नो क्षेत्राधिकारभित्र पर्ने भएकाले अहिले त्यसको सबै जिम्मा परियोजनाबाट हुन्छ", उनले भने ।

विद्युत् प्राधिकरण, योजना तथा प्राविधिक सेवा विभागका परियोजना प्रबन्धक सङ्गीता कार्कीले काम भइरहेको जनाउँदै पटकपटक जग्गा धनीले विभिन्न माग राखेर अवरोध गरेकाले केही ढिलाइ भएको बताए । उनले ३३ के.भी क्षमताको प्रसारण लाइन विस्तारको काम थालिएको साढे दुई वर्ष भइसकेको भन्दै उक्त सबस्टेसन सम्पन्न गर्न अब छ महिना मात्रै बाँकी रहेको जानकारी दिए ।

# जलपन्छी गणना सुरु



**टुडे समाचारदाता**

कञ्चनपुर । शनिबारदेखि जलपन्छी गणना सुरु भएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको अगुवाइमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पन्छी संरक्षण सङ्घ, हिमालयन नेचरगाइड, शुक्लाफाँटा नेचर गाइड एसोसिएसनलगायत सङ्घसंस्थाले जलपन्छी गणना थालेका हुन् ।

जलपन्छी गणना आजदेखि माघ ७ गतेसम्म जारी रहने नेपाल पन्छी संरक्षण सङ्घका चराविज्ञ हिरुलाल डगौराले बताए । उनका अनुसार शुक्लाफाँटा राष्ट्रिय निकुञ्जभित्रमा सिमसार क्षेत्र, ताल तलैया, नदीलगायत र निकुञ्ज बाहिरका जलाधार क्षेत्रमा जलपन्छी गणना हुनेछ ।

निकुञ्ज बाहिरका क्षेत्रमा डिभिजन वन कार्यालयसँग समन्वय गरी जलपन्छी गणना हुने चराविज्ञ डगौराले बताए । जलपन्छी गणनामा 'वाइनाकुलर टेलिस्कोप' र 'जिपिएस'सहितको क्यामेराको प्रयोग गरिने छ । "हिँडेर पुग्न सकिने ठाउँमा स्थलगत रुपमै गणना हुन्छ", उनले भने, "स्थलगत रुपमा हिँडेर पुग्न नसकिने ठाउँमा डुङ्गा र हात्तीमा चढेर जलपन्छी गणना गर्छौं ।"

सिमसार क्षेत्रमा आश्रित रैथाने र आगन्तुक चराको विवरण तथा अवस्था पत्ता लगाउन, संख्याको अद्यावधिक गर्न हरेक वर्षको यसै दिनदेखि जलपन्छी गणना हुँदै आएको छ । गणनाका क्रममा तालतलैयामा जलपन्छीको संख्या यकिन गर्ने कार्यसँगै सीमसारको अवस्थाबारे अध्ययन हुनेछ । कञ्चनपुरसँगै कैलाली र बर्दियाका सीमसार क्षेत्र तथा तालतलैया, नदी तथा जलाधार क्षेत्रमा जलपन्छी गणनको कार्य हुने डगौराले जानकारी दिए ।

कञ्चनपुरका सिमसार तथा जलाधार क्षेत्रमा प्रत्येक वर्षको हिउँदमा ५५ देखि ६० बढी प्रजातिका चरा बसाइँ सरेर साइबेरियालगायत उत्तरी ध्रुवबाट बसाइँ सरेर आउने गरेका छन् । रैथाने प्रजातिका जलपन्छीसमेत यहाँ रहेका छन् । उहाँका अनुसार सिमसार क्षेत्र, आहारा, सुरक्षा र गुँड लगाउनका लागि पर्याप्त स्थान भएकाले बसाइँ सार्दै पाहुना जलपन्छी यहाँका सिमसार क्षेत्र, तालतलैया, नदीलगायत क्षेत्रमा पुग्ने गर्दछन् ।

चैतदेखि जेठसम्म पुनः पन्छी साइबेरियालगायत क्षेत्रमा फर्कने गरेका छन् । नेपालमा आठ सय ७७ प्रजातीका चरा पाइने गरेका छन् । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र त्यसको आसपासको क्षेत्रमा मात्रै रैथाने प्रजातिका चार सय २३ प्रजातिका चरा पाइने गरेका छन् । नेपालमा सन् १९८७ देखि नियमित रुपमा जलपन्छी गणना हुँदै आएको छ ।

# सुन्तला उत्पादनमा ह्रास

**टुडे समाचारदाता**

लमजुङ । लमजुङमा सुन्तला उत्पादनमा ह्रास आएको छ । सुन्तला बगैँचा हेरचाहमा किसानको बेवास्ता, बोटमा रोग लाग्नेलगायत कारण सुन्तला उत्पादनमा कमी आएको हो ।

बेँसीसहर नगरपालिका-११ चिती स्याउतका भगवती पन्तले १३ रोपनी जग्गामा छ सयभन्दा बढी सुन्तलाको बोट लगाएका छन् । उनले एक दशकअघि बर्सेनि रु छ लाखदेखि रु सात लाखसम्म आम्दानी गर्दै आएका थिए । तर पछिल्लो समय बर्सेनि पन्तको सुन्तला बगैँचा सखाप हुँदै गएको छ । यस वर्ष मुस्किलले रु ८० हजारसम्म आम्दानी गरेको उनको भनाइ छ । घर खर्च चलाएर पनि बचत हुने गरेकामा यतिबेला सुन्तला उत्पादन घट्दै गएको पन्तले बताए ।



जिल्ला कृषि विकास कार्यालयले पकेट क्षेत्रमा सूचीकृत गरेको स्याउत गाउँमा केही वर्षदेखि सुन्तला उत्पादन घट्दै गएको छ । एक दशकअघिसम्म गाउँभरिका बगैँचाबाट वार्षिक रु दुई करोडसम्म सुन्तला बिक्रीबाट किसानले आम्दानी गरेका थिए । छ/सात वर्षयता रु १० लाखसम्म मात्रै आम्दानी गरेका स्थानीय रमेशराज पन्तले बताउनुभयो । विगत वर्षमा पर्याप्त सुन्तला उत्पादन हुने चिती, गाउँसहर, सिम्पानी, भोर्लेटार, कुन्छा, गहते, दुराडाँडा, राइनास, भोजे, उदिपुर घिमिरेलगायतमा समेत उत्पादनमा कमी आएको किसानले बताएका छन् ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी विजय पौडेलका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा एक सय ३० हेक्टर क्षेत्रफलमा लगाएको सुन्तला खेतीबाट चार सय मेट्रिक टन सुन्तला उत्पादन भएको छ । गत आर्थिक वर्षमा जिल्लामा एक सय २५ हेक्टर जमिन क्षेत्रफलमा लगाइएको सुन्तला खेतिबाट पाँच सय २५ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । सुन्तला खेती गरेको क्षेत्रफल वृद्धि भएपनि उत्पादन एक सय २५ मेट्रिक टन कम भएको सूचना अधिकारी पौडेलले बताए ।

त्यस्तै, आव २०७८/७९ मा एक सय ८० हेक्टर क्षेत्रफलमा एक हजार दुई सय ४० मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । आव २०७७/७८ मा दुई सय १३ क्षेत्रफलमा एक हजार चार सय २४ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । पछिल्ला वर्षमा क्रमशः क्षेत्रफल र उत्पादन घट्दै गएको कृषि ज्ञान केन्द्रले जनाएको छ । विभिन्न रोग, कीरा लाग्नुका साथै सुन्तला उत्पादनतर्फ किसानको पर्याप्त ध्यान नपुगेकाले उत्पादनमा कमी आएको केन्द्रले जनाएको छ ।

सुन्तलाको बोट तथा सुन्तलामा कत्लेकीरा, पतेरोलगायतका कीराले बिरुवा तथा बोटमा रोग सार्ने र सिट्रेस डिक्लाइन (उत्पादनमा ह्रास हुने रोग), ग्रिनिङ भाइरसजस्ता रोग लाग्ने तर गोडमेल, स्याहार, सिँचाइको व्यवस्था, बिरुवा छनोटजस्ता काममा सुन्तला किसानले ध्यान नपुगेकाले सुन्तला बगैँचा मासिँदै गएको छ ।

# चिया र कफी खेतीको सम्भावनाबारे छलफल

**टुडे समाचारदाता**

कर्णाली । कर्णालीमा चिया र कफी खेतीको उत्पादन, प्रवर्द्धन तथा बजारीकरणबारे प्रदेशस्तरीय छलफल गरिएको छ । राष्ट्रिय चिया तथा कफी विकास बोर्डले सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड सुर्खेतसँगको समन्वयमा शुक्रबार वीरेन्द्रनगरमा उक्त छलफल गरेको हो ।

अन्तर्क्रिया कार्यक्रममा कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्माले कर्णालीमा चिया र कफी खेतीको अत्यधिक सम्भावना भएको बताए । प्रदेशमा राष्ट्रिय चिया तथा कफी विकास बोर्डको कार्यालय समेत स्थापना नगरिएकामा उनले गुनासो गरे । "आर्थिक हिसाबले चिया र कफी खेती व्यावसायिकरुपमा हुन जरुरी छ", उनले भने । मन्त्री शर्माले खेती प्रवर्द्धनका लागि प्राविधिक जनशक्ति उपलब्ध गराउन विकास बोर्डसँग अनुरोध गरे ।

कर्णाली प्रदेशसभा सदस्यद्वय विन्दमान विष्ट र घनश्याम भण्डारीले अन्य प्रदेशमा विकास बोर्ड कार्यालय स्थापना, उत्पादन तथा बजारीकरणका काम भइरहँदा कर्णालीमा त्यसो नगरिएकामा आपत्ती प्रकट गरे । बराहताल गाउँपालिका-३, सुर्खेतका कफी कृषक मोहनकुमार आचार्यले प्राविधिक ज्ञान नहुँदा लगाएको कफी मास्नु परेको र फलेको कफी पनि बिक्री नभएको बताए ।

बोर्डका कार्यकारी निर्देशक डा विष्णुप्रसाद भट्टराईले कर्णालीमा चिया र कफीको अत्यन्त सम्भावना रहेको बताए । "यसको खेतीमा जोड दिन सबै स्थानीय तहको अग्रसरता, प्रदेश तथा सङ्घीय सरकारको समन्वय एवं सहयोग आवश्यक छ ।"

छलफलको क्रममा चिया तथा कफी विकास बोर्ड कार्यालय प्यूठानका प्रमुख सिपी बस्नेतले सल्यान, रुकुमपश्चिम, जाजरकोट, दैलेख र सुर्खेत जिल्ला चिया तथा कफी खेतीका लागि उपयुक्त रहेका उल्लेख गरे । सिद्धार्थ बहुउद्देश्यीय सहकारीका सचिव तुलारम सिंजालीले चिया तथा कफी खेतीसम्बन्धीको कुनै पनि ज्ञान, सीप र जनशक्ति नहुँदा किसानको उत्पादनलाई खेर जान नदिन आफूहरुले खरिद गरेको बताए ।

# पक्राउ पूर्जी जारी भएकालाई पक्राउ गर्न प्रहरी मौन

राकेश यादव

गौर । कर्तव्य ज्यान मुद्दामा पक्राउ पूर्जी जारी भएका आरोपिलाई रौतहट प्रहरीले पक्राउ गर्न आनाकानी गरिरहेका छन् ।



गोली हानेर हत्या गरेको आरोपमा उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगञ्जको आदेशबाट इलाका प्रहरी कार्यालय गरुडा जाहेरी दर्ता गरी रौतहट जिल्ला अदालतबाट अनुसन्धान गर्न अनुमति प्राप्त गरेर पनि आरोपिलाई नियन्त्रणमा लिन सकेका छैनन् ।

२०८० जेष्ठ ११ गते बिहान ४ बजे मृत अवस्थामा बाटोमा भेटिएका स्थानीय देवाही गोनाही नगरपालिका वड़ा नम्बर १ का शेख तैयबको छोराले जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय गरुडा र जिल्ला सरकारी वकील कार्यालय रौतहटलाई विपक्षी बनाएर दायर गरेको परमादेश निबेदनमा जाहेरी दर्ता गरी सनाखत गराइ कानुन बमोजिम कारबाही गर्नु भनी २०८० भदौ ४ गते आदेश हुँदा पनि आरोपि खुलेयाम प्रहरीसँगै देखिएको पीड़ित शेख असलमले बताएका छन् ।

पहिलाको मुद्दा रिसइबीको कारण बुबाको हत्या गरेको बताउँदै पीड़ित असलमले आरोपिहरु प्रहरीसँगै उठबस गर्दा पनि पक्राउ गरी कारबाही गर्न नसकेको आरोप लगाए ।

आरोपिलाई प्रहरीले पक्राउ गर्नुको साटो उल्टै संरक्षण गर्ने गरेकोले आफूहरु अन्यायमा परेको बताए । न्यायको लागि प्रहरीलाई गुहार गर्दा पनि केही सुनुवाई नगरेकोले न्यायको लागि सञ्चारकर्मीको सहारा लिएको बताए ।

आर्थिक बर्ष २०७९/०८० को मुद्दा दर्ता नम्बर १५७ रहेको बताउँदै मृतकका छोरा असलमले आरोपिहरुले पटक-पटक धाकधम्की दिने गरेको बताए । पीड़ितले दिएको जाहेरी दरखास्तमा २०८० जेष्ठ १० गते भाउजुमाथि दिएको अपहरण तथा शरीर बन्धक तथा करणी मुद्दामा रौतहट जिल्ला अदालतको आदेशमा १ लाख रुपैयाँ धरौटीमा रिहा भएको कारण बुबाको आरोपिहरु योजना बनाएर हत्या गरेको दावी गरिएको छ ।

जाहेरी दरखास्तमा देवाही गोनाही नपा १ का परबेज अंजुम , शेख खलीलको छोरा शेख तवारक , औतार राउतको छोरा बिष्णु प्रसाद पटेल , शेख बलजाहिरको छोरा मजहर आलम भन्ने मोगले आलम , शेख वाहिद भन्ने फूलबाबू , शेख बिगन गरी ७ जनाको नाम उल्लेख गरिएको छ ।

प्रहरीले खुलेयाम घुमिरहेका आरोपिलाई तत्काल पक्राउ गरी नियन्त्रण लिएर कानुनी कारवाही नगरे रौतहट प्रहरीको विरुद्ध आन्दोलन गर्ने चेतवानी समेत दिएका छन् ।

# राम मन्दिर ट्रष्टलाई भार हस्तान्तरण गरियो

टुडे समाचारदाता

जनकपुरधाम । भारतको अयोध्यामा निर्मित राम मन्दिरका लागि जनकपुरधामबाट लगिएको भार शनिबार हस्तान्तरण गरिएको छ । जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दासले राम जन्मभूमि ट्रष्टका महासचिव चम्पत रायलाई भार हस्तान्तरण गरेका छन् ।



जनकपुरधामको जानकी मन्दिर परिसरबाट बिहीबार लगिएको भारमा सुनचाँदीका गरगहना, फलफूल, पान-मखान, कपडा, मिठाइका अनेक ब्यञ्जन, चाँदीकै थाल-बटुको, श्रृगारका सामग्री र फर्निचरलगायतका समान छन् । बाँसले बनाइएको चंगेरा (भाँडो) लाई रातो रंगले रंग्याएर रातो र पहेलो कपडाले भार छोपिएको थियो ।

भार हस्तान्तरण समारोहमा जनकपुरधाम उपमहानगरका प्रमुख मनोज साहले एउटा घरलाई चाहिने लगभग सबै सामग्री भारमा लिएर आएको बताए । 'हाम्री जनकपुरधामकी छोरी सीताको ससुराली हो आयोध्या । उनको नयाँ घर (राम मन्दिर) बनेको छ, त्यो घरमा चाहिने सबै समान अर्पण गरेका छौं ।'

रामको ससुराली जनकपुरबाट गएको भार ग्रहण गर्दै ट्रष्टका महासचिव रायले खुशी व्यक्त गरे । 'माता सीताको माइतीबाट आएको भार अद्भूत छ । यसले हामीलाई हर्ष प्रदान गरेको छ,' उनले भने । फूलमालाले सजाइएका दुईवटा ट्रकमा भार लिएर जानकी मन्दिरका उत्तराधिकारी महन्थ दाससहित जनकपुरका करिब ५ सय भन्दा बढी सर्वसाधारण बिहीबार अयोध्या प्रस्थान गरेका थिए । लामो विवादपछि आयोध्यामा निर्माण गरिएको राम मन्दिरमा जनवरी २२ मा प्राणप्रतिष्ठा गर्ने कार्यक्रम छ ।

त्रेतायुगमा राम र सीताको विवाह हुँदा यसैगरी सयौं थरि भार अयोध्या पठाइएको थियो। ट्रक, बस र जिप-कारमा भार बोकेर अयोध्या प्रस्थान गरेका जनकपुरबासीलाई भने मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, काँग्रेसका नेता बिमलेन्द्र निधि र जानकी मन्दिरमा महन्थ रामतपेश्वर दासले बिदाई गरेका थिए ।

मुख्यमन्त्री यादवले हातमा भार बोकेर जनकपुरधामको बिभिन्न भागको परिक्रमा गर्दै उनीहरुलाई बिदाई गरेका थिए । 'माता सीताले ससुरालीमा नयाँ घर पाउनुभएको छ । हामी माइती पक्षका लागि यो सुखद खबर हो,' मुख्यमन्त्री यादवले भने,'त्यो नयाँ घरमा कुनै समानको अभाव नहोस भनेर ससुराली जनकपुरधामबाट भार पठाइएको छ ।'

सीताको माइती जनकपुरधामबाट उनको ससुराली अयोध्या पठाइएको भार करिव ५ सयभन्दा बढी थरिको रहेको जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले बताए । उनले भारमा जनकपुरधामवासी सबैको भावना समेटिएको बताए । 'राम मन्दिर ट्रष्टबाट प्राणप्रतिष्ठामा सहभागी हुन आमन्त्रण गरेको छ । जनकपुरधाम रामको ससुराली हो । खाली हात जाने कुरै भएन । त्यसैले एउटा घरमा चाहिने लगभग सबै समान लिएर अयोध्या पुगेर हस्तान्तरण गरेका छौं,' उनले भने, 'हामीलाई बाटोभरि सर्वसाधारणबाट थप भार प्राप्त भएको थियो । ठाउँ-ठाउँमा हामीलाई हर्षउल्लासपूर्वक स्वागत गरिएको थियो ।'

भारका आकर्षण चाँदीले बनाइएको तीर-धनुष र खराम हो । सुनचाँदीका करिब दुईदर्जन आभूषण भारमा छ । जनकपुरधाम सुनचाँदी व्यवसायी संघको पहलमा गरगहना जुटाइएको हो । अभूषणमा तिलहरी, पोते, अंगुठी, पाउजु, मंगलसुत्र, चाँदीको थाल, गिलास, बटुको, मग, चम्चा, पुजा गर्ने भाँडाबर्तन भारमा समेटिएको छ ।

यस्तै, फलफूलमा स्याउ, सुनतला, केरा, नरिवल छ । मिथिला खानाको ब्यञ्जन पनि कोसेलीमा लगिएको छ । ठकुवा, खजुरी, पेरुकिया, पान र मखानसँगै अनेक प्रकारका कपडा र फर्निचरका सामग्री कोसेली पठाइएको हो ।

जनकपुरधामबाट हुलाकी राजमार्ग हुँदै बिहीबार राति वीरगञ्जमा बिश्राम गरेर शुक्रबार आयोध्या पुगेका टोलीले शनिबार राम मन्दिर ट्रष्टलाई भार हस्तान्तरण गरेको उत्तराधिकारी महन्त रामरोशनले जानकारी दिए ।

# स्रोत नखुलेको ८ लाख भन्दा बढी रकमसहित भारतीय नागरिक पक्राउ



टुडे समाचारदाता

राजविराज । प्रहरीले भारत बिहार राज्यको मधुवनी नगर निगम वडा ३ का २५ वर्षीय संजयकुमार यादवलाई स्रोत नखुलेको भारतीय ५ लाख २९ हजार ९ सय ७० रुपैयाँसहित पक्राउ गरेको छ । उनलाई शनिबार पत्रकार सम्मेलनगरी सार्वजनिक गरिएको छ । बरामद गरिएको रुपैयाँ नेपाली मूल्य ८ लाख ४७ हजार ९ सय ५२ रुपैयाँ हुन आउँछ ।

सप्तरीको राजगढ गाउँपालिका २ स्थित भ्कौरहा चोकमा भारतीय नम्बर बीआर ५०बी१५४२ नम्बरको मोटरसाइकलमा आएका यादवसँग स्रोत नखुलेको रकम भएको तथा अवैध कारोबार भइरहेको सूचनाको आधारमा पुगेको प्रहरी टोलीले मोटरसाइकल र नगदसहित उनलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी ढुण्डिराज न्यौपानेले जानकारी दिए ।

# वडा कार्यालयद्वारा स्वास्थ्य शिविर सञ्चालन

टुडे समाचारदाता

सिरहा । चिसोका कारण बालबालिका र ज्येष्ठ नागरिक बिरामी पर्न थालेपछि सिरहाको गोलबजार नगरपालिका-४ मा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । वडा कार्यालयले उक्त स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

स्थानीय निजी अस्पताल, चिकित्सक र औषधि कम्पनीसँग समन्वय गरेर स्वास्थ्य शिविर आयोजना गरिएको वडाध्यक्ष सकलदेव यादवले जानकारी दिए । स्वास्थ्य शिविरमा एक सय ४० बालबालिकाको स्वास्थ्य परीक्षण गरी औषधिसमेत वितरण गरिएको छ ।

त्यसैगरी स्वास्थ्य शिविरमा दाँतका बिरामी तथा दमका रोगी ज्येष्ठ नागरिकको पनि स्वास्थ्य परीक्षण गरिएको थियो । चिसोले बालबालिका र ज्येष्ठ नागरिक प्रभावित हुन थालेपछि त्यसबाट जोगाउन शिविर सञ्चालन गरिएको वडाध्यक्ष यादवले बताए । उनले भने, "नियमित बजेट र कार्यक्रम थिएन । तर पनि सहयोग जुटाएर शिविर आयोजना गरेको हुँ । यसबाट गरिब/विपन्न नागरिकलाई लाभ पुगेको छ ।"

स्वास्थ्य शिविरमा डा विनोद साह र डा सोनी गुप्ताले स्वास्थ्य परीक्षण गरेका थिए । शिविरमा उपचार गराउन आउने बिरामीलाई ४० हजार बराबरको औषधि निःशुल्क वितरण गरिएको वडाध्यक्ष यादवले जानकारी दिए ।

# सबै गम्भीर भएर नेपालको अस्तित्व जोगाउनुपर्छ : पूर्वराष्ट्रपति यादव

टुडे समाचारदाता

काठमाण्डु । नेपालका प्रथम राष्ट्रपति रामवरण यादवले वर्तमान सरकारका कामकारबाहीप्रति असन्तुष्टि व्यक्त गरेका छन् । काठमाण्डुमा शनिवार 'बिपी वाद' नामक पुस्तकको लोकार्पण गर्दै प्रथम राष्ट्रपति यादवले अहिलेको सरकारले र अहिलेको नेपाली कांग्रेससहितका पार्टीहरूले राम्रो काम गर्न नसकेको जिकिर गरेका हुन् ।



उनले देशमा शिक्षा, स्वास्थ्य, कृषिको अवस्था दयनीय भएको बताए । दैनिक हजारौं मानिसहरू विदेश गइरहेकोप्रति पनि उनको गुनासो थियो । उनले भने, 'निश्चय नै अहिलेको सरकारले, अहिलेको नेपाली काँग्रेस वा अरू पार्टीहरूले राम्रो गरेनन् । राम्रो गर्नुपर्ने त्यो कुरा सही हो । गर्न सकिरहेको छैनन् । तर हामी एउटा बाटोमा छौं । प्रजातान्त्रिक संविधान छ, जो संविधानले नेपाली जनताको यो देशको अस्तित्व बचाएर अगाडिको बाटो देखाएको छ । निश्चय नै शिक्षा, स्वास्थ्य, कृषिको अवस्था दयनीय छ । ५० औं लाख मानिस विदेश छन् । तर हामी लोकतान्त्रिक प्रोसेसमा छौं । कोर्स करेक्सन हुन्छ भन्ने आशा गरौं ।'

यादवले देशको अस्तित्व कायम राख्नका लागि पनि आम जनताहरू एक हुनुपर्ने बताए । उनले भने, ' हामीले पछि फर्किएर हेर्ने समय छैन । हामी बहुतै गम्भीर भएर नेपालको अस्तित्व जोगाउनुपर्छ । यो देश, राष्ट्रको अस्तित्व कायम रहोस् भनेर काम गर्नुपर्छ । आजको देशको अर्थतन्त्र कसरी मजबुत हुन्छ, त्यसमा लागौं ।'

# माघ पहिलो सातादेखि राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता हुँदै

टुडे समाचारदाता

कलैया । जीतपुरसिमरा उपमहानगरमा माघ पहिलो सातादेखि राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता हुने भएको छ । उपमहानगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई लक्षित माघ ७ गतेदेखि सो प्रतियोगिता आयोजना गरिएको जनता मावि रजघट्टाका प्रधानाध्यापक राजु अधिकारीले जनाएका छन् ।



उपमहानगरपालिकाको कार्यालयमा शुक्रबार बसेको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समितिको बैठकले साताव्यापी रुपमा प्रतियोगिता आयोजना गर्ने र नगर भित्रका सबै विद्यालयलाई सहभागी गराउने गरी प्रोत्साहन गर्ने निर्णय समेत गरेको छ ।

माघ १३ गतेसम्म चल्ने प्रतियोगिताको व्यवस्थापन जीतपुर सिमरा १४ स्थित जनता माध्यमिक विद्यालयले गर्नेछ । जनता माध्यमिक विद्यालय तेस्रो पटक आयोजना गर्न लागिएको उक्त प्रतियोगिताको आयोजक विद्यालय छ ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका बमोजिम आयोजना गरिने प्रतियोगितामा विभिन्न सात खेलमा प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा कबड्डी, भलिबल, एथलेटिक्स, तेक्वान्दो, कराँते, महिला फुटबल र पुरुष क्रिकेट हुने सचिवालय विद्यालयका प्रधानाध्यापक राजु अधिकारीले जानकारी दिए ।

प्रतियोगितामा नगर क्षेत्रभित्रका विद्यालयलाई सहभागी गराउन निर्देशिकाले व्यवस्था गरे बमोजिम आइतबार सूचना प्रकाशन गरिने जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक राजु अधिकारीले जानकारी दिए । अधिकारीका अनुसार सूचना प्रकाशित भएको १५ दिनभित्र विद्यालयले सहभागिता जनाउन सक्नेछन् ।

प्रतियोगिता तयारीका लागि प्रत्येक खेलमा तीन सदस्यीय प्राविधिक टोली बनाइएको छ । उक्त प्राविधिक टोलीले खेल आयोजना गर्नका लागि सहजीकरण गर्नेछन् । प्रतियोगिता सञ्चालन गर्न उपमहानगरपालिकाले गत वर्ष १६ लाख बजेट विनियोजन गरेकोमा चालु आर्थिक वर्षमा भने ५ लाख घटेर १० लाख बजेट विनियोजन गरिएको उपमहानगरले जनाएको छ ।

नगर प्रमुख राजन पौडेलको अध्यक्षतामा सम्पन्न बैठकमा जीतपुरसिमरा १४ की वडाध्यक्ष चयन गुरुङ, शिक्षा तथा खेलकुद महाशाखाका कर्मचारी खुदप्रसाद गौतम, खेलकुद विकास समिति बाराका प्रतिनिधि सुनिल साह, संस्थागत विद्यालयका रामप्रसाद अधिकारी, नेत्रप्रसाद दाहाल, मालती कुमाल, सामुदायिक विद्यालयका फिरोज अंसारी, विष्णु सुवेदी, नव जनजागृति युवा क्लबका महासचिव शम्भुसिंह ठकुरी, तेक्वान्दो प्रशिक्षक विजय शाह, कराँते प्रशिक्षक सानु पटेल, मनोज साह, श्रीराम साह कानु, क्रिकेट प्रशिक्षक सेराजुल अंसारी, भलिबल प्रशिक्षक प्रमोद चौधरी, एथलेटिक्स प्रशिक्षक लक्ष्मण श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# जमुनी नदीमा पुल निर्माणका लागि भारत सरकारसंग पहल गर्न निधिको माग

टुडे समाचारदाता

जनकपुरधाम । नेपाली कांग्रेसका केन्द्रीय सदस्य विमलेन्द्र निधिले पराष्ट्रमन्त्री एनपी साउद र भारतीय विदेशमन्त्री एस जयशंकरबीच भएको सम्झौता तथा सहमतिको स्वागत गरेका छन् ।



कांग्रेसका पूर्वउपसभापतिसमेत रहेका नेता निधिले नेपाल-भारतबीच रहीआएको विशिष्ट सम्बन्धलाई थप बल पुऱ्याएको विश्वास व्यक्त गरे ।

पूर्वउपसभापति निधिले धनुषा जिल्लाको दक्षिणवर्ती क्षेत्रमा पर्ने नेपाल-भारत सीमावर्ती क्षेत्रको जमुनी नदीमा तीन वटा पुल अहिलेसम्म पनि निर्माण हुन नसकेको प्रति ध्यानाकर्षण गराए ।

जमुनी नदीको जटहीमा, जमुनी नदीको बली घाटमा र जमुनी नदीको अकहरघाटमा नेपाल सरकारबाट शिलान्यास भएर पनि वर्षौंदेखि निर्माण कार्य रोकिएका पुलहरुबारे पनि नेपाल र भारतबीच आवश्यक सहमति र समझदारी गरी तत्कालै निर्माण कार्यको अग्रसरता लिन नेपाल सरकारसंग उनले आग्रह गरे । उनले जनकपुरधाम विकासका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको विगतमा भएको जनकपुर भ्रमणका बेलामा एक सय करोड रुपैयाँ अनुदान दिने घोषणा भए अनुसार रामजानकी अन्तर्राष्ट्रिय रंगशालाका लागि प्राप्त भइसकेको जग्गामा लगानी गरी निर्माण कार्यका लागि तत्काले दुई देशबीच समझदारी कायम गर्न नेपाल सरकारसंग अनुरोध गरे ।

विदेशमन्त्री जयशंकरद्वारा नेपालमा क्रिकेटको विकासका लागि भारतको तर्फवाट सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरेकोमा प्रशंसा गर्दै नेपालको क्रिकेट खेलमा कोशेढुंगा हुने विश्वास लिएको उनले बताएका छन् ।

धार्मिक, सांस्कृतिक पर्यटन विकासका लागि अत्यावश्यक रहेको जनकपुरधाम र भारतको अयोध्याबीचको हवाई सेवा तत्काल संचालन गर्न दुई देशबीच आवश्यक सम्झौता र समझदारीका लागि पहल गर्न सरकारसंग उनले माग गरे ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८